

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर दैनिक विज्ञापन शाखा

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : ३६ ★ ने. सं. ११४६ चिल्ला थ्व, द्वादशी ★ शनिबार ★ १६ फागुन, २०८२ ★ February 28, 2026, Saturday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## संसद् नीति-निर्माण, बजेट, ऐन र सन्धि-सम्झौतामाथि छलफल गर्ने बौद्धिक थलो



भक्तपुर, १५ फागुन । "संसद् भनेको नीति-निर्माण, बजेट, ऐन, द्विपक्षीय अथवा बहुपक्षीय सन्धि-सम्झौतामाथि छलफल र निर्णय गर्ने बौद्धिक थलो हो । प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन; न त शासक पार्टीका मुठीभर नेताहरू पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री एवम् मन्त्री हुने व्यवस्था नै हो ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेमकिपा निर्वाचन परिचालन समिति भक्तपुरद्वारा शुक्रबार क्वाठण्डौ टोलमा आयोजित चुनावी सभामा व्यक्त गर्नुभएको हो ।

उक्त सभामा सचिव सुवालले संसद्लाई जनताको पिरमर्का हेर्ने तथा देशको सार्वभौमिकता रक्षा गर्ने देशभक्तहरूको सदन बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेमकिपाले निर्वाचनलाई दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्षको रूपमा उपयोग गरिरहेको उल्लेख गर्दै उहाँले संसद्ले देशको नीति निर्माण तय गर्नुको साथै देशको लागि आवश्यक ऐन-कानुन बनाउने गर्छ भन्नुभयो ।

अमेरिकी साम्राज्यवादले एमसीसीको नाउँमा भारतीय पुँजीको हित हुने गरी नेपालको जलस्रोतमा हात हाल्ने काम गरेको र भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादबाट भाग खाने काम नेपालकै दलालहरूले गर्ने हुँदा यो निर्वाचनमा विचारेर देश र जनताको पक्षमा इमानदारीपूर्वक राजनीति गरिरहेको दल र दलका उम्मेदवारहरूलाई मतदान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

विदेशी पुँजी ल्याएर नेपाललाई साम्राज्यवादीहरूको नवउपनिवेश बनाउने र नेपालको जमिन, खनिज र जलसम्पदा असीमित रूपमा विदेशी कम्पनीलाई दिने लगानी बोर्ड खारेज गराउन नेमकिपाले संसद्मा जोड दिने उल्लेख गर्दै सचिव सुवालले उत्पादनका मुख्य मुख्य साधन र सेवा राष्ट्रियकरण गरेर देशको उत्पादन एवं निर्यात बढाउने नीति आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्ने, विदेशमा सम्पत्ति राख्न नपाउने र ठुला भ्रष्टाचारीहरूलाई ज्यान सजाय दिने कानुन बनाउनु आवश्यक छ ।"

देशघाती सन्धि-सम्झौता गर्ने शासक दल र तिनका मतियारहरूलाई जनताले आज नभए भोलि सजाय गर्ने दिन आउने स्पष्ट पार्दै सचिव सुवालले राजनीतिक दल एक चिन्तनको चौतारी हुनुपर्नेमा जोड दिनुभयो ।

"नेमकिपा निर्वाचनबाट समाजवाद


***बाँकी पृष्ठ २ मा***


## "नेमकिपाले प्रखर प्रतिपक्षमा बसेर देश र जनताको सेवा गर्दै छ"



भक्तपुर, १५ फागुन । नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नगर निर्वाचन परिचालन समितिको आयोजनामा शुक्रबार सूर्यविनायक चोकमा चुनावी जनसभा सम्पन्न भयो ।

सभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले राजनीति व्यापार र ठेकेदारी नभएको बताउँदै राजनीति देश र जनताको नि:स्वार्थ सेवाको निम्ति हो भन्ने मान्यता नेमकिपाले राखेको बताउनुभयो ।

विकास र आन्दोलनको नाउँमा देशलाई खरानी बनाउने काम भएको बताउँदै उहाँले शासक दलहरूले बारम्बार धोका दिँदा पनि ती पार्टीलाई जिताउनु जनताको पनि कमजोरी हो भन्नुभयो ।

नेता प्रजापतिले अगाडि भन्नुभयो, "राजनीति गर्न करोड रूपैयाँ फाल्ने, हिजो हत्यामा संलग्न ठगी गर्नेले शासन गर्न आउँदै छन्, पुँजीवादी व्यवस्थाले शोषक धनीमानीको हित गर्छ तर गरिबको हित हेर्दैन, पुँजीवादी व्यवस्थामा पैसा नाफाको निम्ति छोराछोरी श्रीमतीसमेत बेच्न बाध्य पार्ने हुन्छ, पुँजीवादको विकल्प समाजवादी व्यवस्था हो ।

पटक-पटक सरकारमा जानेले स्वास्थ्य बीमाको रकम भुक्तानी गरेको छैन । ख्वप अस्पताललाई २३ करोड बीमाबापतको रकम भुक्तानी नगर्नेलाई कुन आधारमा विश्वास गर्ने ? भनी प्रश्न उठाउँदै उहाँले जनताको करले जम्मा भएको पैसाको दुरूपयोग भइरहेको छ; हरेक सम्झौतामा देश ठगिएको छ; त्यसको विरोध नेमकिपाले गर्दै आएको छ भन्नुभयो ।

उहाँले बनारसी ठगहरूले अनेक झिलिमिली कुरा गरेर ठग्ने हुनाले सचेत हुन आवश्यक छ, घोषणापत्रमा उल्लिखित कुरा पूरा गर्न नसक्नेलाई विश्वास गर्नुहुँदैन भन्नुभयो ।

उहाँले नेमकिपाले नागरिकता विधेयकको विरोध, लगानी बोर्डको विरोध, सबैखाले नवउपनिवेशका हातहतियारको विरोध गरेर र त्यसको वास्तविकता जनतासामु ल्याएर प्रखर प्रतिपक्षमा बसेर जनताको सेवा गर्दै छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले देश र जनताको निम्ति अविचलित सङ्घर्ष गर्दै आइरहेको नेमकिपालाई मत दिन आग्रह गर्नुभयो ।

उहाँले पुरानो सडेगलेको र निकै चिल्ला देखिने तर रिसमिसिएको तरकारीबाट टाढै बसेर अर्गानिक तरकारी छान्नेझैँ देशको भविष्य बनाउन लागिपर्ने, धुजा धुजा भएको देशलाई उठाउने योजना भएको अर्गानिक पार्टी नेमकिपालाई छान्नुपर्ने बताउनुभयो ।

उहाँले अगाडि भन्नुभयो, "हरेक


***बाँकी पृष्ठ २ मा***


## लमजुङमा चुनावी प्रचार

तनहुँ, १५ फागुन । नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले शुक्रबार लमजुङ जिल्लाको बेँसी सहर, सुन्दर नगर, उदीपुर, पाउँदी बजारमा चुनावी प्रचार तथा मतदातासँग भेटघाट गरे ।

भेटघाटको क्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटाले निर्वाचन घोषणापत्रको लडाइँ र वर्गसङ्घर्षकै सिलसिला भएको उल्लेख गर्दै कामदारवर्गको शासन कायम हुने समाजवादी गणतन्त्र स्थापनाको निम्ति नेपाल मजदुर किसान पार्टी क्रियाशील रहेको चर्चा गर्नुभयो ।

बेँसी सहरका स्थानीयले लमजुङको


***बाँकी पृष्ठ २ मा***



**सडक प्रयोग गर्दा ध्यान दिऔं।**

❖सडक सीमा अतिक्रमण नगरौं।

❖सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।

❖सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।

❖सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।

❖सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।

❖सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।

❖सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।


❖जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।

❖सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


***व्यङ्ग्यचित्रको कुनो***



# नुवाकोटमा घरदैलो तथा कोणसभा

नुवाकोट, १५ फागुन । नुवाकोटमा फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनको प्रचार एवम् कोण सभा सम्पन्न भयो ।

उक्त कार्यक्रममा नुवाकोट क्षेत्र नं. १ का उम्मेदवार रवीन्द्र डंगोलले निर्वाचनको प्रचार एवं कोणसभामा घोषणापत्रअनुसार नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूको देश र जनताको सेवा गर्नेबाहेक अरु कुनै पनि स्वार्थ नभएको बताउनुभयो ।




उहाँले पुँजीवादी व्यवस्थामा काम गरिखाने जनताको हित नहुने हुँदा निर्वाचनलाई समाजवादी व्यवस्था प्रचार अभियानको रूपमा हामी जनताको बिचमा आएको उल्लेख गर्दै नेपाल मजदुर किसान पार्टीले निःशुल्क शिक्षा र स्वास्थ्य उपचारका साथै युवाहरूलाई स्वदेशमा नै रोजगारीको व्यवस्था गर्न जोड दिँदै आएको बताउनुभयो ।

नुवाकोट क्षेत्र नं. २ का नेपाल मजदुर किसान पार्टीका उम्मेदवार सुवास भट्टले नेमकिपाले झूटा आश्वासन बाँडेर मत नमाग्ने बरु जनताको बिचमा गएर राजनैतिक रूपले सचेत बनाउने हो भन्नुभयो । उहाँले हालसम्म शासन गर्ने सबैले जनतालाई झुक्याउने काम गर्दै आएकोले अब जनताले नेमकिपालाई विश्वास गरी मतदान गर्ने बताउनुभयो ।

कार्यक्रममा विक्रम धुकुछुले पनि बोल्नुभएको थियो । नुवाकोटको देवीघाट, बट्टार, बेत्रावती, ढिकुरे, छहरे र दुप्चेश्वरलगायतका स्थानहरूमा कार्यक्रम सम्पन्न भएका थिए ।

# समाज सुधार मा.वि.मा शैक्षिक प्रदर्शनी



भक्तपुर, १५ फागुन । समाज सुधार माध्यमिक विद्यालयको ५५ औं वर्ष प्रवेशको अवसरमा विद्यालयका विद्यार्थीबाट तयार गरिएका विभिन्न विज्ञान, गणित, अङ्ग्रेजी, नेपाली, ख्वप पहिचानलगायतका विषयको शैक्षिक प्रदर्शनी शुक्रबार भयो ।

उक्त शैक्षिक प्रदर्शनीको उद्घाटन गर्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम प्रजापतिले शैक्षिक प्रदर्शनीले विद्यार्थीहरूले पुस्तकमा पढेको ज्ञान प्रस्फुटन भएको र विद्यार्थीहरूको मेहनत झल्किएकोमा खुसी व्यक्त गर्नुभयो ।

विद्यार्थी र शिक्षकहरूको निरन्तर प्रयासबाट प्रदर्शनी सम्भव भएको र विद्यार्थीहरूको क्षमता किताबी ज्ञानबाट मात्र नभई यस्ता प्रतिभा प्रस्फुटन गर्ने खालका गतिविधिबाट सम्भव हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक जगन्नाथ प्रजापतिले यस्ता शैक्षिक प्रदर्शनीले सीप र प्रतिभा उजागर हुने विचार व्यक्त गर्नुभयो । विद्यार्थीले निर्माण गरेका शैक्षिक सामग्रीहरू अवलोकन गरी अभिभावकहरूले प्रेरणा दिए विद्यार्थीहरूमा हौसला बढ्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

विद्यालयका शिक्षक कृष्णप्रसाद सुवालले प्रदर्शनीको उद्देश्यबारेमा प्रकाश पार्नुभयो ।

प्रदर्शनीमा वडा नं. ८ का बालसेवक आवि, समाज सेवा इन्स्टिच्युट आवि, सिद्धि शारदा आवि, ब्रह्मचारिणी आवि र ब्रह्मायणी आविका विद्यार्थी तथा शिक्षकहरूले शैक्षिक प्रदर्शनीको उत्सुकतापूर्वक अवलोकन गरेका थिए ।

शैक्षिक प्रदर्शनीमा पाँचतले मन्दिर, ज्वालामुखी फुटेको, ग्रेटर नेपाल र हालको नेपालको बिचको तुलना, नेवारी पोशाक, सौर्य मण्डल, धरहरा, समाज विकासको चरण, खानाको किसिम, श्वासप्रश्वास प्रक्रिया, वातावरण प्रदूषण, सजीव वस्तु र निर्जीव वस्तु, भान्छा कोठामा प्रयोग हुने वस्तु र जीवहरू आदि प्रदर्शनमा राखिएको थियो ।

# स्थलगत कविता लेखन प्रतियोगिता सम्पन्न

भक्तपुर, १५ फागुन । कक्षा ११-१२ स्तरीय संयुक्त परीक्षा समिति भक्तपुरको वार्षिक कार्यतालिकाअनुसार वागीश्वरी मावि च्यामहासिंहको आयोजनामा स्थलगत कविता लेखन प्रतियोगिता सम्पन्न भयो । सोही अवसरमा शैक्षिक उपन्यास 'कखरा' बारे लेखक हरिहर तिमिल्सिनासँग विद्यार्थीहरूको अन्तरसंवाद कार्यक्रम पनि गरियो ।



कार्यक्रममा विद्यार्थीहरूले 'कखरा' को अर्थदेखि दर्शनसम्मका प्रश्नहरू सोधे । सोधिएका अनेक प्रश्नहरूमध्ये प्रतिनिधिमूलक केही प्रश्नहरू केही प्रश्नहरू यस प्रकारका छन् - 'उपन्यासको कथावस्तु काल्पनिक हो वा वास्तविक ?, लेखनको मूल उद्देश्य के हो ?, लेखनको क्रममा के-कस्ता समस्याहरू झेल्नुभयो ? नेपाली साहित्यको भविष्य कस्तो देख्नुहुन्छ ? देशका स्कूलहरू सबैलाई उपन्यासमा वर्णित स्कूल 'प्रेम शिविर' जस्तो किन बनाउन सकिँदैन ? देशमा सबैभन्दा महत्त्व दिनुपर्ने किसान र शिक्षक नै सबैभन्दा किन उपेक्षित छन् ? शिक्षकले आफ्नो सन्तानलाई शिक्षण पेसामा लगाउँदैन ? उपन्यासमा वर्णित 'प्रेमपुर कल्पना मात्र हो कि त्यस्तो कुनै ठाउँ यथार्थमा देख्नुभएको छ ? उपन्यासमा सफल र सीपीयू पात्रमध्ये सफललाई साँच्चिकै सफल बनाउनुभयो तर सीपीयूलाई तपाईंले किन पागल बनाउनुभयो ? बदल्नुपर्ने यहाँ विद्यार्थी हो कि शिक्षक ? तपाईंलाई उपन्यास लेख्ने प्रेरणाको स्रोत के हो ? र कहिलेदेखि लेख्न सुरु गर्नुभयो ? १५-१६ वर्षको विद्यार्थीबाट दार्शनिक अभिव्यक्ति कतिको स्वाभाविक छ ?'

विद्यार्थीहरूको जिज्ञासा मेट्दै लेखक तिमिल्सिनाले जानी नजानी आफूले कक्षा ४ देखि नै कविता लेख्न थालेको र पछि शिक्षक र साथीहरूको प्रेरणाले लेखनलाई निरन्तर दिइरहेको बताउनुभयो । आफू अहिले पनि शिक्षण पेसामै रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "कक्षा ६ मा पढ्ने एक विद्यार्थीले 'जीवन र मृत्युमा कुन ठुलो सर ?' भनी दार्शनिक प्रश्न सोधेका थिए । विद्यार्थीले जानेको हुँदैन भन्ने होइन ।"

अभिभावकले आफ्नो चाहना आफ्ना छोराछोरीमा थोपर्नुभन्दा छोराछोरीको चाहना र प्रतिभाअनुसार अभिभावकले सन्तान हुर्काउनुपर्ने सुझाव दिँदै उहाँले 'सीपीयू' अभिभावक कै कारण बिग्रेका विद्यार्थीको प्रतिनिधि पात्र भएको बताउनुभयो । श्रमको सम्मान हुनुपर्ने विद्यार्थीको भावनामा सहमती जनाउँदै किसान र शिक्षकको समाजमा उचित सम्मान हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रेमपुर र प्रेम शिविर काल्पनिक भए पनि ती असम्भव कल्पना होइन भन्ने कुरा केही केही स्कूलहरूले त्यसको अभ्यास थालेको उदाहरण दिँदै उहाँले कुनै कुनै विद्यालयका प्रअले आफ्नो विद्यालयको दुरुस्तै चित्रण गरेको भनी फोनमा प्रतिक्रिया दिएका छन् जुन विद्यालय आफूले नदेखेको पनि प्रस्ट पार्नुभयो ।

साहित्य लेख्नुको मूल ध्येय समाजमा व्याप्त विकृति विसङ्गति हटाउने नै हुन्छ भन्दै उहाँले शैक्षिक जगत्मा अझै 'डाँका सर' .. अस्तित्वमा रहेको बताउनुभयो ।

कार्यक्रम आयोजक विद्यालयका प्रअ कृष्णप्रसाद कर्माचार्यको सभापतिमा भएको थियो भने अन्तरसंवादको सहजीकरण शिक्षक हिरालाल फुँयालले गर्नुभएको थियो ।

कार्यक्रममा शिक्षक ज्ञानसागर प्रजापतिले 'कखरा' को दोस्रो भागको खाँचो औंल्याउँदै उपन्यास पढ्दा धेरै ठाउँमा आफूलाई भेटाएको धेरै भावुक बनाएको अनुभव सुनाउनुभएको थियो ।

'गोरेटो' विषयमा कविता लेख्न लगाइएको उक्त प्रतियोगितामा विद्यार्थी निकेतन माविकी सुस्मिता चौलागाई प्रथम, बासु माविका दीपराज बुढा द्वितीय, आदर्श आजाद माविकी प्रतिमासिं ठकुरी तृतीय र देवी माविकी सुनिशा पाण्डेले प्रोत्साहन जित्नुभएको थियो । विजयी विद्यार्थीहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गर्दै समितिका अध्यक्ष एवम् आदर्श आजाद माविका प्रअ चक्रबहादुर चाकतुले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# आसन्न निर्वाचनबारे अधिकांश मतदाता उत्साहित

काठमाडौं, १५ फागुन । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनप्रति तुलनात्मक रूपमा मधेस प्रदेशका मतदातामा बढी उत्साह देखिएको पाइएको छ ।

आमनिर्वाचन पर्यवेक्षण समिति (जियो)ले गरेको निर्वाचन सर्वेक्षणमा विगतको तुलनामा मधेस प्रदेशका करिब ५५ प्रतिशत मतदातामा आगामी चुनावप्रति उत्साह देखिएको उल्लेख छ । जेनजी आन्दोलनका जगमा हुन लागेको यस निर्वाचनलाई विगतका निर्वाचनभन्दा भिन्न र विशिष्ट मानिएको जियोकका महासचिव कृष्णमान प्रधानले बताउनुभयो ।

भदौ २३ गते भएको कथित जेनजी आन्दोलनपछिको पहिलो निर्वाचन भएकाले पनि आममतदातामा ठुलो उत्साह रहेको महासचिव प्रधानले बताउनुभयो । सोही प्रदेशमा निर्वाचनप्रति सबैभन्दा बढी ७९.२ प्रतिशत विश्वास रहेको सर्वेक्षण तथ्याङ्कले देखाएको छ ।

जियोकको सर्वेक्षणमा भनिएको छ, "नययुवा पुस्ताले यस निर्वाचनलाई विगतको भन्दा फरक मानेका छन्, आममतदाता भने तोकिएको समयमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन हुनेमा ढुक्क छन् ।" जियोकले करिब १०० जना मतदातामा गरेको सर्वेक्षणमा सहभागीमध्ये अधिकांश यही फागुन २१ गते हुने निर्वाचनबारे सचेत रहेको उल्लेख छ ।

सर्वेक्षणमा सहभागी मतदातामध्ये ३४ प्रतिशत राजनीतिक शक्तिबाट उच्च प्रभावित रहेको तथा ५० प्रतिशतमा मध्यम प्रभाव देखिएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा जेनजी आन्दोलनको प्रभावले विगतको तुलनामा चुनावी नतिजालाई केही फेरबदल गर्ने अनुमान गरिएको छ ।

***नेमकिपाले...***

देश र समाजमा शासक र शासित दुई वर्ग हुन्छ । कुन दलले र कसले कुन वर्गको सेवा गर्छ ।"

सिद्धान्त र नीतिमा चल्ने, देशको सार्वभौमिकता रक्षाका लागि हिम्मत नहार्ने पार्टी नेमकिपा रहेको बताउँदै उहाँले विपक्षीसित तिनको नीति सिद्धान्त के हो सोध्नुपर्छ भन्नुभयो ।

हामीले पुराना शोषकहरूको ठाउँमा नयाँ ठगहरू खोजेका होइनौं; नयाँ नयाँ ठगहरूलाई विश्वास गर्नुहुँदैन । जेलबाट भागेने अराजक तत्त्वको पछाडि लाग्नु बुद्धिमानी होइन, हामी जनताले नयाँ पुस्ताको भविष्यको लागि सोचेर नेमकिपालाई मतदान गर्नुपर्छ उहाँले भन्नुभयो ।

नेमकिपा क्षेत्र नं २ उम्मेदवार रमेश वैद्यले युवालाई विदेशमा जानपर्ने अवस्था अन्त्य गर्न र स्वदेशमै राख्न शासक दलले बेचेका कलकारखाना खोल्न जरूरी छ र त्यसका निम्ति जनदबाब सिर्जना गर्न मादल चिह्नमा छाप लगाउन अनुरोध गर्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, "दण्डहीनताको विरोध आवश्यक छ । भ्रष्टाचारीहरूलाई मृत्युदण्डसम्मको व्यवस्था हुनुपर्छ । देशबाट युवा निर्यात होइन, वस्तु निर्यात गर्नुपर्छ । अनुत्पादक क्षेत्रमा धेरै स्रोत खर्च भएको छ । कृषिप्रधान देशमा २५ अर्बको दाल ८८ अर्बको चामल आयात भएको छ । युवाको जोश जाँगर स्वदेशमै खपत गर्न आवश्यक छ । नेपालका नदीनालाबाट ८३ हजार मेगावाट बिजुली उत्पादन गर्ने क्षमता छ तर आत्मनिर्भर अर्थतन्त्रमा कुनै पनि सरकारले ध्यान दिएन ।"

नेमकिपाका समानुपातिक उम्मेदवार श्याम बिसुन्केले देश रहने वा नरहने अवस्था सिर्जना भएको देशभक्त पार्टी नेमकिपा र पार्टीका उम्मेदवारहरूलाई जिताउनुपर्छ भन्नुभयो ।

ख्वप विश्वविद्यालयको सम्बन्धन किन दिइएन ? सस्तो सुलभ शुल्कमा अध्ययन गर्न पाउने तर किन के कारणले रोकियो ? युवाहरूलाई स्वदेशमै रोजगारीको बन्दोबस्त गरी सीप र क्षमतालाई देश विकासमा युवा मतदाताहरूले विचार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

आयोजक समितिका अध्यक्ष सूर्यभक्त त्वातीको सभापतित्वमा सम्पन्न कार्यक्रममा सचिव महेन्द्र बखुन्छेले पनि बोल्नुभएको थियो ।

नेमकिपा कटुञ्जे एकाइ समितिले आकर्षक चुनावी गीत प्रस्तुत गरेको थियो ।

***लमजुङमा...***

घलेगाउँ र भुजुङ जाने सडक र मनाङको सदरमुकाम चामे पुग्ने सडक समयमै स्तरोन्नति भए लमजुङ र मनाङको पर्यटन व्यवसाय सुध्रने बताए भने सुन्दर नगरका स्थानीयले कुन्छा हुँदै पोखरा जाने बाटो स्तरोन्नति ढिलो भएकोले जनताले दुःख पाएको गुनासो व्यक्त गर्नुभयो ।

लमजुङबाट नेपाल मजदुर किसान पार्टीका समानुपातिक उम्मेदवार अनु गुरुङले जनताको समस्या समाधान गर्न नेमकिपाले सम्बन्धित निकायमा आवाज उठाउने बताउनुभयो ।

***संसद...***

स्थापना हुन्छ भन्ने विश्वास गर्दैन", उहाँले भन्नुभयो ।

जन्मको आधारमा विदेशीलाई दिइएको नेपाली नागरिकता खारेज गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले नेपालजस्तो कृषिप्रधान देशले पहिलो प्राथमिकता कृषिलाई नै दिनुपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले देश र जनताको पक्षमा निःस्वार्थ र इमानदारीपूर्वक काम गरेकै कारण नेमकिपाप्रति जनताको विश्वास बढ्दै गएको हो भन्नुभयो ।

पहिलेभन्दा अहिले जालीफटाहाहरू बढिरहेकोले अनेक छलछाम हुने सम्भावना बढी भएकोले जनता सचेत र चनाखो हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले कसैको आश्वासन, लोभलालचमा फसी मतदान गर्न नहुने बताउनुभयो ।

"नेमकिपाले जनतालाई कहिले पनि घात गरेको छैन । स्थापनाकालदेखि नै श्रमजीवी जनताको पक्षमा नेमकिपा सङ्घर्षरत छ । देश र जनताको निम्ति सही दल र सही उम्मेदवार छनोट गर्ने समय भनेको निर्वाचन हो", उहाँले भन्नुभयो ।

नेमकिपाका अग्रज एवं जनकवि चन्द्रबहादुर उलकले निर्वाचन एक वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्ष भएकोले पार्टीले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरकै रूपमा लिँदै आएको छ भन्नुभयो ।

श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने दललाई बुझेर देशभरिबाट जिताइएमा देशमा आमूल परिवर्तनको निम्ति पूर्वाधार तयार भएको सङ्केत गर्छ, उहाँले भन्नुभयो ।

नेमकिपा जिल्ला समिति भक्तपुरका प्रतिनिधि विष्णुराम दुमरूले अग्रजहरूको अगुवाइमा भएको किसान आन्दोलनकै कारण भक्तपुरका जनताको जीवनस्तर बढेको धारणा राख्दै नेमकिपाले विगतमा पुऱ्याएको योगदानको स्मरण गरिरहनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेमकिपा भनपा वडा नं. १० समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालको सभापतित्वमा भएको सो जनसभामा नेक्राविसङ्घ नगर समितिका प्रतिनिधि विभू किजु, स्थानीय विद्यार्थी सुरोज गोसाई, रमिला दुवाल र उद्धव कोण्डाले पनि पार्टीले पुऱ्याएको योगदानको स्मरण गर्दै सिद्धान्त र विचार बुझेर मतदान गर्न आग्रह गर्नुभयो ।

उहाँहरूले देशघाती, घुस्याहा, भ्रष्टाचारीहरूलाई मतदान गर्न नहुने बताउनुभयो ।

सभामा देशभक्तिपूर्ण गीत पनि प्रस्तुत गरिएको थियो ।

## सङ्क्षिप्त समाचार

# कोसी प्रदेशमा निर्वाचन सुरक्षाको तयारी पूरा

विराटनगर, १५ फागुन । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कोशी प्रदेशमा सुरक्षाको सबै तयारी पूरा भएको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरका प्रमुख विनोद घिमिरेले निर्वाचनमा कुनै पनि अप्रिय घटना हुन नदिन सुरक्षा समितिले सम्पूर्ण तयारी गरेको बताउनुभयो । उहाँले सुरक्षा रणनीतिअनुसार संवेदनशील, अतिसंवेदनशील स्थान र सुरक्षा चुनौतीको आकलन गरी विशेष निगरानी तथा प्रहरी परिचालन गरिने उहाँले जानकारी दिनुभयो ।

कार्यालय प्रमुख घिमिरेका अनुसार निर्वाचन भयरहित वातावरणमा सम्पन्न गराउन कोशी प्रदेशमा १२ हजार नेपाल प्रहरी, २३ हजार निर्वाचन प्रहरीलगायत जनशक्ति परिचालन हुनेछन् ।

निर्वाचनमा दुई हजार ५६१ सशस्त्र प्रहरी र सशस्त्रका तर्फबाट पाँच हजार ६४९ निर्वाचन प्रहरी परिचालन भइसकेका सशस्त्र प्रहरी बल कोशी प्रदेश कार्यालय सुनसरीले जनाएको छ ।

प्रदेशमा २८ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेका छन् । यहाँ ३५ लाख ७४ हजार २८६ मतदाता रहेका छन्, जसमा १७ लाख ४९ हजार ७३ महिला, १८ लाख २८ हजार २१३ पुरुष र अन्य २४ जना मतदाता रहेका छन् । निर्वाचन कार्यालयका अनुसार कोशीमा चार हजार २७० मतदान केन्द्र र एक हजार ९०७ मतदानस्थल छन् । *(रासस)*

# यस पटकको होलि पर्व घरभित्र मनाउन र राजनीतिक प्रतीक प्रयोग नगर्न आग्रह

काठमाडौँ, १५ फागुन । जिल्ला प्रशासन कार्यालय काठमाडौँले होली पर्व मनाउँदा शान्तिसुरक्षा र आसन्न निर्वाचनलाई ध्यानमा राख्न आग्रह गर्दै सार्वजनिकस्थलमा भीडभाड, मेला महोत्सव तथा मदिरा बिक्रीवितरण नगर्न आग्रह गरेको छ ।

कार्यालयद्वारा जारी सूचनामा धार्मिक तथा सांस्कृतिक रूपमा आआफ्नो घर परिसरभित्र परिवारजन र साथीभाइसँग होली मनाउन बाधा नपर्ने स्पष्ट पार्दै खुला सडक र सार्वजनिक स्थानमा अनावश्यक भीड जम्मा गर्ने, कार्यक्रम आयोजना गर्ने र मदिरा सेवन तथा वितरण गर्ने कार्य नगर्न अनुरोध गरेको छ ।

कार्यालयले आसन्न निर्वाचनलाई लक्षित गर्दै लागू भएको निर्वाचन आचारसंहिताको कार्यान्वयनमा जोड दिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालद्वारा जारी सूचनामा जुलुस, आमसभा वा प्रचारप्रसारमा उम्मेदवारको निर्वाचन चिह्न, झण्डा, स्टिकर अङ्कित टोपी, टी-सर्ट, ज्याकेट, झोला वा अन्य सामग्री प्रयोग गर्न नपाइने उल्लेख गरिएको छ । होलीका अवसरमा यस्ता सामग्री प्रयोग गरी आचारसंहिताविपरीत गतिविधि नगर्न प्रशासनले आग्रह गरेको छ ।

सूचनामा कसैको इच्छाविपरीत रङ वा पानी हाल्ने, मदिरा सेवन गरी सार्वजनिक मर्यादा भङ्ग गर्ने, हो-हल्ला तथा अराजक गतिविधि गर्ने काम कानुनविपरीत हुने उल्लेख गरिएको छ ।

# मतदानमा दुई लाख २१ हजार कर्मचारी खटाइने

काठमाडौँ, १५ फागुन । यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ निर्वाचन क्षेत्रमा दुई लाख २१ हजार कर्मचारी खटिने भएका छन् । ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका २३ हजार ११२ केन्द्र र समानुपातिकमा मात्र मत हाल्ने १४३ अस्थायी केन्द्रमा गरी उक्त सङ्ख्यामा कर्मचारी खटाउने भएको हो ।


निर्वाचन आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले पाँच सयभन्दा बढी मतदाता भएका केन्द्रमा नौ जना र ५०० भन्दा कम मतदाता भएका केन्द्रमा आठ जना कर्मचारी खटाउने व्यवस्था मिलाइएको बताउनुभयो । मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई प्रशिक्षण दिएपछि केन्द्रमा खटिने अरु कर्मचारीलाई मतदान अधिकृतले नै प्रशिक्षण दिने व्यवस्था मिलाइएको पनि आयोगले जनाएको छ ।

निर्वाचनका लागि निर्वाचन सामग्री र मतपत्र बिहीबार देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुगिसकेको आयोगले जनाएको छ । *(रासस)*

# मधेस प्रदेशमा ४८१ थान इजाजत प्राप्त हतियार बुझाइयो

जनकपुरधाम, १५ फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षितगरी गरिएको सूचनाअनुसार मधेस प्रदेशमा ४८१ थान हतियार (बन्दुक) बुझाइएका छन् । मधेस प्रदेश प्रहरी कार्यालय, जनकपुरधामका अनुसार निर्वाचनलाई स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न प्रदेशअन्तर्गतका जिल्ला प्रशासन कार्यालयले गरेको सूचनापश्चात् हालसम्म उक्त सङ्ख्यामा हतियार प्राप्त भएका हुन् ।

यहाँका आठ जिल्लामा विभिन्न व्यक्तिले दुई हजार ५३१ थान इजाजत प्राप्त हातहतियार लिएको तथ्याङ्क भए पनि हालसम्म ४८१ थान मात्र प्राप्त भएको कार्यालयले जनाएको छ । अझै दुई हजार ५० थान हतियार बुझाउन बाँकी छन् । स्थानीय प्रशासनले नजिकको प्रहरी इकाइ वा जिल्ला प्रहरी कार्यालयमा हतियार बुझाउनका लागि सूचना जारी गरेका थिए । *(रासस)*



तनहुँको दमौली बजारमा निर्वाचन प्रचारप्रसारको क्रममा घरदैलो गर्दै नेमकिपाका उम्मेदवार तथा कार्यकर्ताहरू ।

*तस्बिर : एमबी बाटा/मजदुर दैनिक*

# पुराना प्रतिबद्धताको हिसाब माग्दै सिरहाका मतदाता

सिरहा, १५ फागुन । आगामी प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै जाँदा सिरहाका गाउँबस्तीमा चुनावी रौनक त बढेको छ, तर उम्मेदवारहरूका लागि यसपटकको घरदैलो विगतको जस्तो सहज छैन । हिजोका दिनमा आश्वासनका पोका सुन्ने र ताली बजाउने मतदाता अहिले 'अडिटर' का रूपमा उम्मेदवारको प्रतीक्षा गरिरहेका छन् ।

पुराना दलका नेताहरूलाई विगतको 'रिपोर्ट कार्ड' देखाउन मुस्किल परिरहेको छ भने नयाँलाई पुरानाजस्तै नहुने आधार पेस गर्न धौधौ छ । यहाँका मतदाताले अहिले मुख्य रूपमा चारवटा मुद्दालाई आफ्नो 'बार्गेनिङ प्वाइन्ट' बनाएका छन्, कमला पुलको अलपत्र अवस्था, भूमिहीनको लालपुर्जा, किसानको मलखाद र गाउँगाउँमा पक्की सडक ।

हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीको पुल १४ वर्ष बित्दा पनि निर्माण सम्पन्न नभएकामा स्थानीयको ठूलो आक्रोश छ । सिरहा नगरपालिका-६ बसबिट्टाका स्थानीय युवा प्रवीण यादव भन्नुहुन्छ, "हरेक चुनावमा यही पुलको मुद्दा बेचेर नेताहरूले भोट लान्छन् । पुल बनिसक्नुअघि नै भासियो, तर कसैलाई कारवाही भएन । अब हामी पुलको शिलान्यास होइन, त्यसमा गाडी गुडेको देख्न चाहन्छौँ । जसले ठोस कार्यतालिका दिन्छ, उसैलाई भोट जान्छ ।"

भगवानपुर, लहान, धनगढीमाई, गोलबजार र नवराजपुर क्षेत्रका मुसहर तथा दलित बस्तीमा पुग्ने उम्मेदवारलाई लालपुर्जाको प्रश्नले घेर्ने गरिएको छ । मुसहर समुदायका अगुवा रामसुफल सदाय भन्नुहुन्छ, "हाम्रा पुस्ता यही माटोमा बिते, तर हाम्रो नाममा एक धुर जमिनको लालपुर्जा छैन । हरेकपटक लालपुर्जा बाँड्छौँ भनेर फारम भराउँछन्, तर चुनावपछि ती फारम कहाँ हराउँछन् कसैलाई थाहा हुन्न । यसपालि हामी कागज होइन, अधिकार खोज्दैछौँ ।"

राजनीतिक विश्लेषक तथा दलित अभियन्ता राजेश विद्रोही यसपटकको चुनावी माहोललाई 'उपेक्षित वर्गको विद्रोह' का रूपमा चित्रण गर्नुहुन्छ । उहाँका अनुसार सिरहाका दलित, भूमिहीन र सीमान्तकृत समुदाय अब केवल मतदान गर्ने मेसिनमात्र रहन तयार छैनन् । विद्रोही भन्नुहुन्छ, "दशकौँदेखि दलित र भूमिहीनका नाममा राजनीति गरियो, तर उनीहरूको जीवनस्तर जहाँको तहीँ छ । लालपुर्जाको आश्वासन दिएर भोट बटुल्ने तर सत्तामा पुगेपछि बिर्सिने परम्पराले यसपटक ठूलो धक्का खाँदैछ । मतदाताले अब उम्मेदवारको अनुहार होइन, उनीहरूको इमानदारिता र विगतको कार्यशैलीको लेखाजोखा गरिरहेका छन् । यो कुनै एक दलको विरोधमात्र होइन, बरु वर्षौँदेखिको राजनीतिक ठगीविरुद्ध सचेत नागरिकले गरेको खबरदारी हो ।" उहाँका अनुसार मुसहर र अन्य दलित समुदायमा आएको यो राजनीतिक जागरणले परम्परागत शक्ति सन्तुलनलाई भत्काउन सक्ने देखिन्छ ।

अन्नको भण्डार मानिने तराईमा खेतीको समयमा रासायनिक मल नपाउनु यहाँका किसानको स्थायी पीडा हो । सुखीपुरका किसान रामवृक्ष यादव आक्रोश व्यक्त गर्दै भन्नुहुन्छ, "बाली लगाउने बेला मल पाइँदैन, धान बेच्ने बेला उचित मूल्य पाइँदैन । नेताहरू ठूला भाषण गर्छन्, तर एउटा मल डिपोको व्यवस्था गर्न सक्दैनन् । अब हामीलाई उम्मेदवारको अनुहार होइन, हाम्रो खेतमा पानी र बोरामा मल पुऱ्याउने प्रतिबद्धता चाहिन्छ ।"

ग्रामीण भेगका सडकहरूको बेहाल अवस्थाले यसपटक मतदातालाई निकै चिढ्याएको छ । विशेषगरी बजार क्षेत्रसँग भित्री गाउँहरू जोड्ने सडकहरू दशकौँदेखि मर्मतको नाममा कार्यकर्ता पाल्ने माध्यममात्र बनेको स्थानीयको आरोप छ । बर्खामा हिलो र हिउँदमा धुलोले गर्दा स्वास्थ्यमा समस्या परेको भन्दै स्थानीयले उम्मेदवारलाई सचेत गराएका छन् ।

स्थानीय बासिन्दाहरू भन्छन्, "हाम्रो गाउँको सडकमा वर्षैपिच्छे ग्राभेल त खन्याइन्छ, तर एकफेरि पर्नेबित्तिकै त्यो बगेर जान्छ । यो सडक बनाउन आएको हो कि बजेट सिध्याउन ?" उनीहरूले अब उम्मेदवारहरूसँग सामान्य मर्मतको आश्वासन होइन, दीर्घकालीन र गुणस्तरीय पक्की सडकको ग्यारेन्टी मागेका छन् ।

यस विषयमा लहानका स्थानीयसमेत रहनुभएका मानवअधिकारकर्मी राजकुमार राउत विश्लेषण गर्नुहुन्छ, "गाउँमा निर्वाचनको मुखमा मात्र टालटुले काम गरेर मतदातालाई अल्मल्याउने र ग्राभेल हालेर बजेट सकाउने खेल अब चल्दैन । सडक निर्माणमा हुने चरम भ्रष्टाचार र कमिशनतन्त्रले गर्दा नै विकासले गति लिन नसकेको हो । मतदाताले अब पक्की सडकमात्र होइन, त्यो निर्माण प्रक्रियामा पारदर्शिता र भ्रष्टाचारमुक्त स्थानीय प्रशासनको ठोस खाका खोजिरहेका छन् ।" राउतका अनुसार सडक निर्माणको गुणस्तरमाथि प्रश्न उठाउनु र प्राविधिक विवरण माग्नुले स्थानीयस्तरमा सुशासनप्रतिको चेतना निकै बढेको छ ।

मतदाताको यो रूप देखेपछि पुराना दलका उम्मेदवारहरूले आफूले विगतमा गरेका केही कामको सूची बोकेर हिँड्न थालेका छन् । उनीहरू 'समय अभाव' वा 'प्राविधिक समस्या'का कारण केही काम रोकिएको स्पष्टीकरण दिइरहेका छन् । अर्कातर्फ, नयाँ दलका उम्मेदवारहरूले यी सबै बेथितिको कारक पुराना दल भएको आरोप लगाउँदै आफूलाई विकल्पका रूपमा प्रस्तुत गरिरहेका छन् ।

नागरिक अगुवा अर्जुन थपलिया भन्नुहुन्छ, "मतदाता अब 'रैती' बाट 'सचेत नागरिक' मा रूपान्तरण भएका छन् । उनीहरूले जात, धर्म र दलभन्दा माथि उठेर विकास र सुशासनका लागि मतदान गर्ने मनस्थिति बनाएका छन् । यो लोकतन्त्रका लागि सुखद् पक्ष हो ।" यसपटकको चुनावमा मतदाताले नेतालाई होइन, नेताले मतदातालाई रिझाउनुपर्ने र हरेक प्रश्नको तर्कपूर्ण उत्तर दिनुपर्ने अवस्थाले चुनावी परिणामलाई थप रोचक र अनुमान गर्न कठिन बनाइदिएको छ । *(रासस)*

# 'स्ट्रबेरी' खेतीले बढायो 'एग्रो-टुरिजम' को आकर्षण

नारायणगढ (चितवन), १५ फागुन । भरतपुर महानगरपालिका-५ समिचोकस्थित नेपाल एग्रोभाइन प्रालिको फर्ममा फलेको स्ट्रबेरीले यतिबेला पर्यटकको ध्यान तानेको छ ।

विगत पाँच वर्षदेखि व्यावसायिक रूपमा सञ्चालन हुँदै आएको यस फर्मले स्ट्रबेरीखेतीसँगै एग्रो-टुरिजम प्रवर्द्धनलाई प्राथमिकता दिँदै आएको छ ।

फर्मका सञ्चालकमध्येका प्रमुख ससन देवकोटा नौ वर्षअघि अमेरिका बसाइबाट नेपाल फर्किनुभएको हो । अमेरिकामा उच्च शिक्षा हासिल गरी उहाँले एग्रो-टुरिजम मोडलमा आधारित कृषि व्यवसाय सुरु गर्नुभएको हो । "हामीले एग्रो-टुरिजम मोडलमा स्ट्रबेरी फर्म सञ्चालन गरेका छौँ । यहाँ आउने आगन्तुकले आफैँ स्ट्रबेरी टिपेर लैजान सक्छन्", उहाँले भन्नुभयो ।

स्ट्रबेरीखेती एक बिघा क्षेत्रफलमा फैलिएको छ भने समग्र फर्म पाँच बिघामा विस्तार गरिएको छ । फर्ममा चार जना स्थायी कर्मचारी कार्यरत छन् भने दैनिक ज्यालादारीमा आठदेखि १० जनासम्म कामदार खटिने गरेका छन् । यस वर्षदेखि आधुनिक तरीकाबाट स्ट्रबेरीसँगै टमाटर, क्याप्सिकम र खोर्सानी खेतीसमेत सुरु गरिएको छ ।

देवकोटाका अनुसार यहाँ स्ट्रबेरी उत्पादनको मुख्य समय करिब ५० दिनसम्म रहन्छ । सुरुआती वर्षमा अनुसन्धान गर्दै उपयुक्त जात छनोट गरिएको उहाँ बताउनुहुन्छ । विशेषगरी अमेरिकन भेराइटीका स्ट्रबेरी तराई क्षेत्रमा राम्रो हुने भएकाले सोही जात लगाइएको छ ।

उक्त बिरुवा मूलतः अमेरिकामा विकास गरिएको र हाल इजिप्टस्थित नर्सरीबाट आयात हुने गरेको उहाँको भनाइ छ । आगामी वर्षदेखि बिरुवा स्वदेशमै उत्पादन गर्ने योजना रहेको पनि उहाँले जानकारी दिनुभयो ।

"स्ट्रबेरीले अहिले एग्रो-टुरिजमलाई राम्रोसँग प्रवर्द्धन गरेको छ", उहाँले भन्नुभयो । एग्रो-टुरिजममार्फत कृषिसँग प्रत्यक्ष जोडिने अवसर मिल्ने भएकाले बालबालिका तथा विद्यार्थीका लागि यो उपयोगी माध्यम बनेको उहाँको अनुभव छ । विभिन्न कृषि कलेजका विद्यार्थीले फर्ममा अध्ययन तथा अनुसन्धानसमेत गर्दै आएका छन् । व्यावहारिक शिक्षामा यसले टेवा पुऱ्याएको देवकोटाको भनाइ छ ।

देवकोटाका अनुसार पहाडी भेगमा पाइने भुइँ ऐँसेलु जातका स्ट्रबेरी समुद्री सतहबाट करिब १७ सयदेखि १९ सय मिटर उचाइमा राम्रो फल्ने गर्छन् । "एग्रो-टुरिजमको सम्भावना नेपालमा धेरै छ", देवकोटाले भन्नुभयो, "अहिले मानिस कृषिसँग जोडिने रहर राख्छन् । केहीले भने पैसा कमाएर खेती छोड्ने अवस्था पनि देखिन्छ । तर जति कमाए पनि अन्ततः खानैपर्छ भन्ने कुरा बिर्सेर खेती छोडेका छन् । हाम्रो टिमको उद्देश्य भने कृषि पढेर कृषिमै रमाउन सकिन्छ भन्ने सोचको विकास गर्नु हो ।" उहाँले आगामी दिनमा अन्य स्थानमा पनि एग्रो-टुरिजम विस्तार गर्ने योजना रहेको बताउनुभयो । *(रासस)*

। सम्पादकीय ।

# भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नु आवश्यक

पुँजीवादी व्यवस्थाको निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित नहुने अभिमत राजनीतिक विश्लेषकहरूको हो । पुँजीवादी पार्टीका नेता, कार्यकर्ताहरू कामदारवर्गको पक्षमा राजनीति गर्दैनन् । उनीहरू पैसा, उपहार र पदको लोभ देखाई मत तान्ने काम गर्छन् । जब पैसाको राजनीति हुन्छ तब त्यहाँको निर्वाचन स्वच्छ र निष्पक्ष सम्भव छैन । पद र पैसाको राजनीतिमा भुल्ने दलको नेतृत्वमा बनेको सरकारले किसान, मजदुर र कामदारवर्गको हितमा कानुन बनाउने छैन । त्यो सरकारले प्राकृतिक स्रोत र सम्पदा तथा सांस्कृतिक सम्पदा संरक्षण गर्दैन । उनीहरू क्रान्तिकारी भूमिसुधारमार्फत देशलाई कृषिमा आत्मनिर्भर बनाउन र रासायनिक मल कारखाना स्थापना गर्नेतर्फ ध्यान दिँदैनन् । श्रमजीवी जनताको मत लिएर श्रमजीवीवर्गमाथि शोषण, दमन गर्ने, उनीहरूको अहितमा काम गर्ने दललाई जनताले चिन्नुपर्छ; चिनेर उनीहरूलाई हराउनुपर्छ ।

निर्वाचनलाई दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्षको रूपमा लिनुपर्छ । संसद्लाई जनताका पिरमर्का हेर्ने तथा देशको रक्षा गर्ने देशभक्तहरूको सदन बनाउनुपर्ने आजको आवश्यकता हो । समुदायको निम्ति काम नगर्ने दलका नेताहरू देशका उद्योगधन्दा, कारखानाहरू निजीकरण गर्छन् । निजीकरण गर्ने दलाल पुँजीवादी सरकारको नीतिका कारण देश परनिर्भरता उन्मुख हुँदै छ । लाखौँ नेपाली युवालाई विदेश पठाएर देशको कृषि अर्थतन्त्रमा बाधामात्र पुगेको नभई देशको जनशक्ति पनि बाहिरिँदै छ । सरकारमा गएका दलका नेताहरू सुशासन र समृद्धिको कुरा गर्छन् । तर, भ्रष्टाचारीमाथि कारबाही गर्दैनन् । भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्ने र ठुला भ्रष्टाचारीलाई कडा कारबाही गर्नेबारे सोच्दैनन् । पुँजीपतिहरू विदेशी पुँजी लगानीको नाउँमा नेपाललाई साम्राज्यवादीहरूको उपनिवेश बनाउनेतर्फ केन्द्रित भए । पुँजीपतिवर्गको पक्षपोषण गर्ने दल र दलका नेताहरू विकास र आर्थिक सहयोगको नाउँमा विदेशी शक्तिसामु घुँडा टेक्छन्; विदेशी दलालहरूको पाउ मोलेर, उनीहरूलाई खुसी पारेर गतिविधि गर्न दिन्छन् । यसरी विदेशी शक्ति, विदेशी दलाल, विदेशी पुँजीपतिवर्गलाई खुलमखुलम नेपालमा भित्र्याउने, लगानी गर्न दिने कार्यले गर्दा देश विदेशी शक्ति राष्ट्रको पञ्जामा फसेको हो ।

भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादको हस्तक्षेपविरूद्ध पुँजीपतिहरू, विदेशी दलालहरू चुइँक्क बोल्दैनन् । उनीहरू प्रतिस्पर्धाको नाउँमा स्वदेशी पुँजी र लगानीलाई भन्दा विदेशी पुँजी र लगानीलाई प्राथमिकता दिन्छन् । उनीहरू नेपाल र नेपालीको हितभन्दा विदेश र विदेशीको स्वार्थ हेर्छन् । उनीहरूको यस्तै स्वार्थले गर्दा देश परनिर्भर बनेको हो; निर्यातभन्दा आयात बढेको हो; व्यापार घाटा भएको हो । विदेशी शक्ति राष्ट्रको भरमा देशका शासकहरू उभेकाले नै न यहाँ नयाँ नयाँ उद्योग खोलेर जनताका आधारभूत आवश्यकता पूर्ति भयो न त यहाँ सन्तुलित विकास गरेर देशभरिका युवालाई रोजगारीको व्यवस्था भयो ।

देशको आयस्रोत बढाएर देशलाई समृद्ध गर्नुको सट्टा भएको आम्दानीमा आँखा गाड्ने र पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउने उद्देश्य नै पुँजीपतिवर्गको हुन्छ । निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य भएको दसकौँ बितिसक्दा पनि देशमा सरकारले प्रजातान्त्रिक जीवन पद्धतिको रूपमा विकास गर्न सकेन; प्रजातन्त्रलाई संस्थागत गरेर आमूल परिवर्तनको निम्ति पूर्वाधार तयार गरेन; गर्नेतिर लागेन । यसको कारक पुँजीवादी व्यवस्था नै हो; पुँजीपतिवर्गको सरकार नै हो । कम्युनिस्ट भनिने दलको नेतृत्वमा पटक-पटक सरकार गठन भए पनि कम्युनिस्ट सिद्धान्त, विचार र आचरणअनुसार सरकारले काम गर्न नसक्नुको कारण पनि पुँजीवादी व्यवस्था नै हो । पुँजीवादी निर्वाचनबाट समाजवाद आउँदैन, ल्याउन सकिँदैन त्यसै भनिएको होइन ।

कम्युनिस्ट पार्टीले कम्युनिस्ट पार्टीकै उद्देश्यअनुसार राजनीति गर्नुपर्छ । कम्युनिस्ट पार्टीको धर्म छोडेर जित्नकै निम्ति राजनीति भयो, पुँजीवादी सरकारको नेतृत्व गर्न नै कम्युनिस्ट पार्टीको धर्म सम्झ्यो भने यहाँ परिवर्तन सम्भव छैन । परिवर्तन भनेको सरकारको नेतृत्व फेर्नु होइन; सरकारको नेतृत्व फेरेर व्यवस्था बदल्ने होइन । मुख्य कुरा कुन दलले पुँजीपतिवर्गको सरकारको नेतृत्व गर्ने भन्ने होइन बनेको सरकारले कुन वर्गको सेवा गर्छ भन्ने हो । महत्त्वपूर्ण कुरा सिद्धान्त र विचार नै हो । सरकारको नेतृत्व गर्ने दलले बहुमत जनताको सेवा गर्छ कि गर्दैन भन्ने हो । अत: जनताले आ-आफ्नो निर्वाचन क्षेत्रका जनताले श्रमजीवीवर्गको पक्षमा राजनीति गर्ने दल र दलका उम्मेदवारलाई निर्वाचित गरे आफ्नो अमूल्य मत खेर जानेछैन; मतदाताले पछुताउ गर्नुपर्ने छैन ।

# शिक्षाको नवउदारवादी वस्तुकरणको परिणाम

✍ मनीष चचरा

भारतमा आयोजित 'एआई समिट' मा गलगोटियास विश्वविद्यालयले प्रदर्शनमा राखेको 'ओरियन' नामको रोबोटको वास्तविकता खुलेपछि सो शैक्षिक संस्था अहिले हाँसोको पात्र बनेको छ । चीनबाट किनेको रोबोटलाई आफ्नो संस्थाले विकास गरेको भनेर प्रदर्शन गरिनुले एक शैक्षिक संस्थाको बेइमानीमात्र होइन, शिक्षाको अधिक निजीकरणसँगै आउने पतन उजागर भएको छ । जब गलगोटियास विश्वविद्यालयको बेइमानी पक्राउ पर्‍यो, तब विश्वविद्यालय सञ्चालक समितिले एक प्रेस विज्ञप्ति जारी गर्दै दोषजति सबै संलग्न फ्याकल्टी (विश्वविद्यालय शिक्षक) माथि लगाएको छ । खासमा यो कुनै शिक्षकलाई दोष लगाएर पन्छिनेभन्दा समग्र शैक्षिक समुदायले आत्मसमीक्षा गर्नुपर्ने घटना हो । सार्वजनिक बहसको सुरुवात भारतको 'नयाँ शिक्षा नीति (२०२०)' बाटै हुनुपर्छ ।

**नयाँ शिक्षा नीति (२०२०) र विश्वविद्यालयहरूको बजारीकरण**

भारतको 'नयाँ शिक्षा नीति ( २०२०)' लाई विद्यालय र उच्च शैक्षिक संस्था दुवैमा रूपान्तरणकारी परिवर्तन ल्याउन सघाउने नीतिका रूपमा प्रचार गरिने गरेको छ । तर, यो नीति ल्याइएसँगै शिक्षाप्रति राज्यको जिम्मेवारी सङ्कुचित भएको छ । उसो त भारतमा शिक्षाको निजीकरणको प्रवृत्ति सन् १९८० को दशकमै सुरु भएको हो र त्यसले सन् १९९० को दशकमा तीव्रता पाएको थियो । तर, अहिले सन् २०२० मा ल्याइएको नयाँ शिक्षा नीतिले भने खुलेर शिक्षाप्रति राज्यको कर्तव्य कम गर्ने भनेर जोड दिएको छ । अहिले भारतमा शिक्षालाई 'विशेष वस्तु' मान्दै कक्षाकोठालाई कर्पोरेटस्थल र शिक्षकलाई सेवा प्रदायकमा रूपान्तरण गर्ने बाटो खोलिएको छ । यस नीतिले सार्वजनिक शैक्षिक संस्थालाई दिइने सरकारी अनुदानलाई ऋणले प्रतिस्थापन गरेर बजारीकरण, व्यवसायीकरण र निजीकरणमा बढी जोड दिएको छ । ऋणको भार कम गर्न निजी शैक्षिक संस्थाले शुल्क बढाउने गरेका छन् ।

गलगोटियास विश्वविद्यालय प्रकरणले भारतका निजी विश्वविद्यालयहरू ज्ञान सिर्जनाभन्दा छवि निर्माणमा केन्द्रित हुँदै गएको देखाउँछ ।

नवउदारवादको उदय र शिक्षाको वस्तुकरणले शिक्षक तथा विद्यार्थी दुवैलाई कर्पोरेट आदेशपालकमा बदलिदियो । यसले शैक्षिक संस्थाले मार्केटिङ र जनसम्पर्क विस्तार गर्ने कार्यक्रममा ध्यान दिनुपर्ने अवस्था सिर्जना गरिदियो । अहिले शैक्षिक संस्थाका लागि शिक्षक वा शिक्षाविद्भन्दा आफ्नो छवि निर्माण बढी महत्त्वपूर्ण बन्न पुगेको छ । संस्थामाथि कुनै समस्या आउँदा दोषजति फ्याकल्टीमाथि थोपरेर आफू चोखिने अभ्यास ह्वात्तै बढेको छ । उसो त भारतमा पछिल्लो समय विश्वविद्यालयहरूले आफ्ना शिक्षक शिक्षिका (फ्याकल्टी) को विचारबाट 'राजनीतिक' भन्दै दूरी कायम गर्ने प्रवृत्ति नै बनेको छ ।

भर्खरै पीएचडी गरेको जनशक्तिमाथि अहिले अनुसन्धान गर्न र निष्कर्ष प्रकाशनमा जोड दिनुभन्दा 'बजार मूल्य' भएका कार्यक्रम सञ्चालन गर्न दबाब बढी हुन्छ । असहमति, सार्वजनिक बैठक, बहस र छलफल शिक्षाविद्का लागि दाल र भातजस्तै हुन् भन्ने सिकाइमा हुर्किएका मजस्ता धेरै पीएचडीधारीले अहिले आफूलाई प्रणालीमा अमिल्दो पाइरहेका छौँ । यस शैक्षिक वातावरणले अनुसन्धान 'औसत नै ठीक' भन्ने भाष्यलाई हाबी गराउँदै छ । गलगोटियास प्रकरण यही शैक्षिक वातावरणको प्रमाण हो ।

**फेसन बनेको 'एआई'**

सन् २०२५ मा 'प्यु रिसर्च' ले गरेको एक अध्ययनमा बहुसङ्ख्यक भारतीयमा 'एआई' बारे एकदम कम वा शून्य जानकारी रहेको पाइएको थियो । एआई अहिले तीव्रगतिमा विकास भइरहेको तथ्य स्वीकार्न कुनै हिच्किचाहट गर्नुपर्दैन । भारतमा समय-समयमा, विभिन्न सार्वजनिक र निजी विश्वविद्यालयले एआईको प्रयोगबारे तालिम दिइरहेका हुन्छन् । साथै, यस नयाँ प्रविधिले शैक्षिक प्रणालीलाई कसरी परिवर्तन गर्न सक्छ भनेर सङ्काय विकास कार्यक्रम आयोजना भएको पनि देखिन्छ । पछिल्लो समय उच्च शैक्षिक क्षेत्रमा कलेज असाइनमेन्टदेखि सम्मेलनसम्म एआईको प्रयोग पनि भइरहेको छ । तर, चिन्ताजनक कुरा, विद्यार्थीले असाइनमेन्टहरूमा एआईको प्रयोग गर्दा लेखनमा एआईले दिएका सुझावलाई कसरी र के-कति जोड्न मिल्छ भनेर बुझ्न सङ्घर्ष गरेको पाइन्छ ।


गलगोटियासको घटना दुई कारणले चिन्ताजनक र खतरनाक छ- पहिलो, फ्याकल्टी (शिक्षकशिक्षिका) ले 'ओरियन' नामको रोबोटलाई विश्वविद्यालयले नै विकास गरेको नवप्रवर्तनको परिणाम भनेर प्रचार गर्नुले एआई प्रयोगको प्रचारमा गलत सूचना उपयोगी हुने विश्वास देखियो । साथै, विभिन्न माध्यममा त्यस विश्वविद्यालयका प्रोफेसरले 'ओरियन' ले निगरानी र अनुगमनजस्ता काम गर्न सक्ने दाबी गरेको सुनियो, जसमा तिनले प्रविधिको नैतिक प्रभाव बिर्सिएको प्रस्ट हुन्छ ।

दोस्रो, यस घटनाले भारतको राष्ट्रियस्तरमा नजानी नजानीकनै एआईको कुन हदसम्म महिमागान भइरहेको छ भनेर देखाउँछ । शिक्षामा एआईको प्रयोग प्रशंसनीय विषय हो । शिक्षामा एआईलाई जोड्नुको अर्थलाई हामीले राम्ररी बुझ्नुपर्छ । तर, यहाँ एआईको प्रयोग शिक्षाको गुणस्तर बढाउनेमा भन्दा विश्वविद्यालयको छवि बढाउने औजार मानिँदै छ । अर्थात्, विश्वविद्यालयका पीआर (छवि विस्तार) संयन्त्रले एआईलाई संस्थाको छवि विकास गर्ने विषय मात्र मानेजस्तो देखियो । गलगोटियास प्रकरण खासमा आफैँमा समस्याभन्दा थप ठुलो समस्याको लक्षण मात्र हो, जुन समस्या प्रविधिबारे पर्याप्त ज्ञानले सिर्जित भएको हो । साथै, यस प्रकरणले भारतका निजी विश्वविद्यालयहरू वास्तविक ज्ञान विकासभन्दा छवि निर्माणमा कति केन्द्रित छन् भनेर देखाउँछ । यी सबका बिच सेवाका रूपमा शिक्षाको भने निरन्तर अवमूल्यन भइरहेको छ ।

*- 'द वायर' बाट*

# भारतको गलगोटिया युनिभर्सिटीले चिनियाँ रोबोटलाई आफ्नो भन्दै प्रस्तुत गरेपछि एआई समिटकै बेइज्जत

काठमाडौँ । भारतको नयाँ दिल्लीमा आयोजित 'इन्डिया एआई इम्प्याक्ट समिट २०२६' का क्रममा भएको एउटा अनौठो र लज्जास्पद घटना सार्वजनिक भएको छ । नोएडास्थित निजी क्षेत्रको गलगोटिया युनिभर्सिटीले चीनमा बनेको व्यावसायिक रोबोटिक कुकुरलाई आफ्नो विश्वविद्यालयको आफ्नै आविष्कार भन्दै प्रदर्शनीमा राखेपछि उक्त संस्थालाई समिटबाटै बाहिर निकालिएको हो ।



युनिभर्सिटीकी सञ्चार विभागकी प्रोफेसर नेहा सिंहले सरकारी टेलिभिजन डीडी न्युजसँगको कुराकानीमा ओरायन (Orion) नामक रोबोटिक कुकुर युनिभर्सिटीको सेन्टर अफ एक्सीलेन्सले विकास गरेको दाबी गरेकी थिइन् । तर, सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले तुरुन्तै उक्त रोबोट चीनको युनिट्री रोबोटिक्स ( Unitree Robotics) कम्पनीले बनाएको युनिट्री गो २ (Unitree Go2) मोडेल भएको पहिचान गरे । यो रोबोट बजारमा करिब १,६०० देखि २,८०० अमेरिकी डलर (करिब २ देखि ३ लाख भारु) मा सजिलै किन्न पाइन्छ ।

यस घटनाले भारतको एआई र एड्भान्स प्रोडक्टको विश्वव्यापी केन्द्र बन्ने लक्ष्यमा धक्का पुर्‍याएको भन्दै त्यहाँको सरकारले कडा कदम चालेको छ । भारतको इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले गलगोटिया युनिभर्सिटीको स्टल तुरुन्तै हटाउन आदेश दिएको थियो ।

सूचना प्रविधि सचिव एस कृष्णनले विश्व स्तरको आविष्कार प्रदर्शन गर्ने मञ्चमा यस्तो बौद्धिक चोरी र भ्रामक दाबी स्वीकार्य नहुने बताएका छन् । विवाद बढेपछि युनिभर्सिटीको स्टलको बिजुली काटिएको थियो र कर्मचारीहरूलाई परिसर छाड्न भनिएको थियो ।

आलोचना चुलिएपछि गलगोटिया युनिभर्सिटीले सार्वजनिक रूपमा माफी मागेको छ । युनिभर्सिटीले आफ्नो प्रतिनिधि प्रोफेसर नेहा सिंह 'कम जानकार' भएको र उनले उत्साहमा गलत जानकारी दिएको दाबी गरेको छ । युनिभर्सिटीका रजिस्ट्रार नितिनकुमार गौरले यो डेभलप (विकास गर्ने) र डेभलपमेन्ट (अनुसन्धानका लागि प्रयोग गर्ने) भन्ने शब्दहरू बिचको अन्योल मात्र भएको तर्क गरेका छन् । उनले रोबोट विद्यार्थीहरूलाई अनुसन्धानमा प्रेरित गर्न किनिएको बताएका छन् ।

विवाद रोबोटिक कुकुरमा मात्र सीमित रहेन । युनिभर्सिटीले पूर्ण रूपमा स्वदेशमै निर्मित भनेर दाबी गरेको सकर ड्रोन (Soccer Drone) माथि पनि प्रश्न उठेको छ । सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले उक्त ड्रोन दक्षिण कोरियाली कम्पनी हेल्सेल ग्रुप (Helsel Group) को स्ट्राइकर भी३ (Striker V3) मोडेल भएको दाबी गरेका छन् । जसको मूल्य करिब ४० हजार भारु पर्छ ।

यो समिटमा रोबोटको विवाद मात्र होइन, अन्य थुप्रै प्रकारका अव्यवस्था समेत देखिएको भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । प्रदर्शकहरूले सामान चोरी भएको, स्थिर इन्टरनेट नभएको र अत्यधिक भीआईपी मुभमेन्टका कारण समस्या भोग्नुपरेको गुनासो गरेका छन् । भारतीय विपक्षी नेता राहुल गान्धीले यस घटनालाई 'अव्यवस्थित पीआर तमासा' को संज्ञा दिँदै भारतको प्रतिभा र डेटाको सट्टा चिनियाँ उत्पादन प्रदर्शन हुनु लज्जास्पद भएको टिप्पणी गरेका छन् ।

द इन्डियन एक्सप्रेसले यो घटना एउटा विश्वविद्यालयको गल्ती मात्र नभई भारतको एआई इकोसिस्टममा देखिएको कमजोरीको सङ्केत भएको टिप्पणी गरेको छ । वास्तविक अनुसन्धान र क्षमता निर्माण गर्नुको सट्टा केवल बाहिरी चमकधमक र देखावटीमा लाग्दा यस्ता समस्या उत्पन्न हुने विश्लेषण गरिएको छ । यो समिटमा गुगलका सीईओ सुन्दर पिचाई, ओपन एआईका साम अल्टम्यान जस्ता दिग्गजहरूको उपस्थिति रहेको सन्दर्भमा यस्तो विवादले भारतको विश्वसनीयतामा प्रश्न उठाएको एपी न्युजले उल्लेख गरेको छ ।

# जोखाङको नाची

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

नाचीसँगको भेटको बिचमा ल्हासाको दक्षिणमा म 'बसोबास समिति' (Inhabitants' Committee) हेर्न गएँ । पहिलेका नगरपालिका सरकार सामन्ती, भ्रष्टाचारी र विद्रोहीसितको साठगाँठ भएको हुँदा विघटन भयो । अस्थायी सैनिक मुख्यालयअन्तर्गत सहरका स्थानीय गन्यमान्य र अनुभवी व्यक्तिहरू राखेर नगरपालिका आयोग गठन गरियो । यसका उपप्रमुख सुइको (Tsuiko) प्रगतिशील खान्दानी हुन् र कासागका सचिव पनि हुन् । ३५,००० जनसङ्ख्या भएको ल्हासालाई उत्तर, दक्षिण, पूर्व र पश्चिम र थप दुईवटा उप-वडाहरूमा विभाजन गरियो ।

प्रत्येक सहरी वडाहरूमा 'कार्य समिति' ले काम गरिरह्यो । नाचीको समूहले लामाहरूको समिति बनाउन मद्दत गरेजस्तै जीवनस्तर उकास्ने उद्देश्यले वडाहरूमा 'बसोबास समितिहरू' बने । ल्हासा सहरमा यस्ता 'बसोबास समितिहरू' २७ वटा बने ।

दक्षिणको वडामा पत्रकार टोली 'बसोबास समिति' नं. ६ मा गयो । त्यसका अध्यक्ष पिन्टसो (Pintso) ले यसका सदस्यहरूलाई 'बसोबास समिति' 'राज्य शक्ति' (State power) होइन र कहिल्यै 'राज्यसत्ता' बन्ने आशा पनि गर्दैन तर छिमेकीपनको विकास गर्नको लागि नागरिकहरूको सङ्घको रूपमा रहिरहनेछ भन्ने बताए । 'साँच्चिकै यसले 'राज्यसत्ता' बन्न र लागू गर्न सहयोग गर्नेछ' उनले भने । अशिक्षित र भर्खर भर्खरै राजनीतिको अनुभव लिएका तिब्बतीहरूका लागि उनको व्याख्याले सुस्पष्ट पार्यो ।

राज्यले चलाएको ३ वटा प्राथमिक र १ वटा माध्यमिक विद्यालयहरू ज्ञानबाट भोकाएका तिब्बतीहरूका लागि अपर्याप्त भएपछि बसोबास समितिले ३५ वटा रात्रि कक्षा सञ्चालन गर्यो । 'बसोबास समिति' को माध्यमबाट नागरिकहरूले प्रजातान्त्रिक राजनैतिक जीवनबारे चेतना पाए र 'राज्यसत्ता' सँगको तिनीहरूको सम्बन्धको बारेमा बुझ्दै गए । राज्यले भोकाएका बेरोजगारहरूलाई 'राहत खाद्यान्न' र किसानहरूलाई बिनाब्याज ऋणमा बीउबिजन वितरण गर्यो र युद्धमा क्षति पुगेका संरचनाहरूको पुनर्निर्माण गर्यो । नयाँ बाटाहरू निर्माण गर्यो ।

**ऋण तिर्न नसकेर बाबुको मृत्युपछि माग्ने बनेका बालक ल्हासा प्राथमिक स्कूल नं. ३ मा**

'पुनर्वास समिति' १९५९ अप्रिलमा विद्रोह जितेको दुई हप्तापछि गठन भएको थियो । यसमा २९८ परिवार समेटिएका थिए । लिङकोर (Lingkor) को खेर गएको जग्गामा दयनीय झुत्रो पाल टाँगेर बसेका मानिसहरूलाई यसले बास, रोजगारी र राहत बीउ दिएर स्थापित गर्यो । ल्हासाका केही वडाहरूमा नयाँ घरहरू निर्माण गर्यो भने घरबारविहीनहरूलाई विद्रोहीहरूको भाडाका घरहरू, भारतमा भागेका विद्रोहीहरूको घरमा राखेको थियो ।

भागेका विद्रोहीहरूको घरहरूको स्वामित्व परिवर्तन गर्ने अधिकार नभए पनि विद्रोहपछि घरभाडा तिर्न बन्द गरियो, साना तिनो मर्मतहरू आ-आफै गरे पनि ठुलै मर्मतका लागि भने सैनिक मुख्यालयको सहयोग लिइयो । प्रजातान्त्रिक सुधारको कार्य पूरा भएपछि र तिब्बती जनताले तिनीहरूको नयाँ स्वायत्त प्रदेश र स्थायी सरकार बनाएपछि घरको स्वामित्वको बारेमा निर्णय हुने नै छ ।

'बसोबास समिति' को दोस्रो मुख्य काम खेर गइरहेको खेतीयोग्य जग्गामा वरपर रुखहरू रोपे, सडक वरिपरि पनि जनताले रुख रोपे; बारी र रुखमा पानी दिन सिँचाइको लागि कुलो खने । सार्वजनिक चर्पीहरू बनाए र पालैपालो सडक र आँगनलाई सफासुग्घर गरे ।

'बसोबास समितिले तयार पारेको प्रतिवेदनअनुसार पहिलेको सरकार हुँदा नागरिकहरू शिर उठाएर हेर्न सक्दैनथे । कासागले नै हरेक हस्तकलाको प्रमुख नियुक्त गर्दथ्यो र तिनीहरू कामदारहरूलाई मनलागी ढङ्गले कुटपिट गर्ने लफङ्गाहरू थिए । उच्च ठुला चाडपर्वमा तीन हप्ताका लागि ड्रिपुङ (Drepung) का लामाहरूले नगरपालिका सम्हाल्दा उच्च करहरू लगाउन्थे । तिनीहरूले ६० भन्दा बढी नयाँ करहरू लगाउँथे । महिलाहरूलाई एउटाभन्दा बढी क्लिप लगाएमा कर लाग्दथ्यो । कसैले छालाको जुत्ता लगायो भने पनि कर तिर्नुपर्थ्यो । कसैले कुकुर वा बिरालो पालेमा कर लाग्थ्यो र कुकुरको घाटीमा घण्टी झुण्ड्याएमा पनि कर लाग्थ्यो । हरेक फूलदानीमा कर लाग्थ्यो । कसैको घरको आँगन तथा बाटोमा हिउँ परे, त्यस हिउँको पनि कर तिर्नुपर्थ्यो । यदि कसैले हिउँ सफा गरेमा बाटो भिजेकोमा कर लाग्थ्यो । यदि कसैले कर तिरेको अर्धकट्टी नदेखाएमा उसलाई कडा सजाय वा ठुलो जरिवाना लाग्थ्यो ।'

'पुरानो नगरपालिका सरकारले विद्रोह गर्न मद्दत गरेको थियो । मार्च १० को दिन त्यसले रत्न बगैंचाको सैनिक क्षेत्रको भवनमा प्रवचन गरिरहेका दलाइ लामालाई हानहरूले अपहरण गर्न सक्ने भएकाले उनलाई बचाउन त्यहाँ पुग्नुपर्ने आदेश तिब्बतीहरूलाई दियो । विद्रोहीहरूको भेलामा नजाने महिलाहरूलाई ५० टेल (taels-तिब्बती मुद्रा) र हस्तकलामा काम गर्ने मानिसहरूका लागि ५०० टेल जरिवाना लाग्थ्यो । पछि नगरपालिका सरकारले १६-६० वर्ष उमेर का सबै मानिसहरूलाई जबरजस्ती विद्रोहमा पठायो र जान अस्वीकार गर्नेहरूलाई सजाय दियो । तिनीहरूले धर्मको रक्षा गर्न र तिब्बती राष्ट्रको



विवाह गर्न तयार युवा लामा लोब्साङ तेले



असहाय महिला जोरवाङको ढोकामा

रक्षाको निम्ति भनेको हुँदा पहिले धेरै मानिसहरू सहभागी भए । तर पछि तिनीहरूले विद्रोही आफैले पवित्र धार्मिक ठाउँहरूलाई युद्धभूमि बनाएको र भिक्षुणीहरूलाई बलात्कार गरेको तथा नागरिकहरूको आँखा फोडेको देखे । 'त्यसैले मानिसहरूले खान्दानीहरू र कासागले तिब्बती जनतालाई धेरै सताएको देखे' पर्वु (Parbu) ले बताए । 'अहिले तिब्बती जीवन राम्रो छ र त्यसो हुनुको कारण खान्दानीहरू नभई कम्युनिस्टहरू हुन् हो ।'

पर्वुले बताएअनुसार कासागका १५ जना खान्दानीहरूमध्ये ६ जनाले विद्रोहमा भाग लिएनन्, ३ जना प्रगतिशील, एकजना सार्है बिरामी र ६ जना कार्यालयमा नोकरी गर्छन् । यी खान्दानीहरू पहिलेजस्तै नै बसेका छन् र तिनीहरूको घरलाई केही गरिएको छैन ।

नौजना खान्दानीहरूले विद्रोहमा सक्रिय भाग लिए । तीमध्ये ३ जना भारतमा भागे र ६ जना लडाइँमा पक्राउ परे । एकजनालाई पछि पेचिङमा रहेको दलाई लामाको कार्यालय रम्बा (Ramba) ले सफाइ दिएकोले छाडिएको छ । छिमेकमा बसेका विद्रोहीका परिवारहरूलाई सताइएको छैन । कार्यालयमा नोकरी गर्ने खान्दानीहरूको परिवार तिनीहरूसित बस्दैनन् । सारोङ (Tsarong) जस्तै तिनीहरूका घरहरू 'पुनर्वास समिति' ले स्थानीय बासिन्दाको लागि प्रयोग गरिरहेको छ ।

दक्षिणको वडामा पनि 'सङ्घर्ष बैठक' बसेर दुईजना खान्दानीहरू र दुईजना लठैतहरूलाई मुद्दा चलाइयो । छिमेकमा बस्ने अर्का ठुला विद्रोही सारोङलाई पोतालाको आत्मसमर्पणमा समातेको हो । तिनका दासहरूले 'सङ्घर्ष बैठक' को माग गरे तर तिनी ७० वर्षका बुढा भइसकेका थिए र बैठक हुनुअघि नै तिनको मृत्यु भयो ।

मानिसहरूले अन्य ६ जना खान्दानीहरूविरुद्ध 'सङ्घर्ष बैठक' को माग राखे पनि बैठक गरिएन । 'तीन कुराको उन्मूलन' झण्डै उस्तै भएकोले अब थप 'सङ्घर्ष बैठक' को आवश्यकता पर्दैन भनी पर्वुले बताए । 'सङ्घर्ष बैठक' को उद्देश्य खान्दानीहरूलाई सजाय दिनु नभई जनतालाई तिनीहरूले पहिले पाएको दु:खको कारणबारेमा बताएर जनताको शक्तिको बारेमा चेतना जगाउनु हो ।

'बसोबास समिति' मा हरेक मानिसको भिन्नाभिन्नै आत्मकथाहरू छन् । तीमध्ये केहीका कथाहरू अरुको भन्दा सुनाउनैपर्ने छन् ।

३६ वर्षीय लान्दो (Lando) एक घरेलु दासका परिवारमा जन्मेकी थिइन् । उनी आठ वर्षकी हुँदा तिनका बुबालाई पक्षघात भयो । खाटबाट उठ्नै नसकेको तिनको बुबालाई काममा नआएको हुँदा मालिकले सजाय दियो । त्यसबाट उनको बुबाको मृत्यु भयो । मालिकले बुबाको मृत्युपछि तिनका आमालाई घोक्राएर निकाल्यो र तिनलाई दास बनाउन तानेर लग्यो । तिनी सुतेको गोठमा तिनको पटक-पटक बलात्कार भयो । तिनी दुई जिउकी भएपछि तिनलाई अचेत हुने गरी कोर्राले पिट्यो र अर्को मालिकलाई बेच्यो । त्यहाँ पनि तिनी आफ्नै मालिकबाट बलात्कृत भइन् । तिनकी इर्ष्यालु मालिकनीले तिनलाई खम्बामा झुण्ड्यार बेहोस हुने गरी कुटिन् र तिनलाई बेचिन् । २८ वर्षसम्म लान्दोले यस्तो दु:खकष्ट खेपिन् । तिनले धेरै पटक काल आओस् भनेर पुकारिन् तर तिनी आत्महत्या गर्न डराउँथिन् । अशिक्षित लान्दोले यसबिचमा आफ्नी आमा जिउँदै छिन् कि मरिन् कहिल्यै थाहा पाइनन् ।

**ल्हासामा लिङ्खा चाड मनाइँदै, सन् १९५९ जून २२**

'कार्य समिति' ले दासहरूसँगको कुराकानीको क्रममा लान्दोलाई तपाईंलाई कस्तो शोषण भयो भनी सोध्दा तिनले शोषणको अर्थ बुझिनन् । कसैले पनि शोषणको बारेमा बताएनन् तर भाग्यका बारेमा कुराकानी गरे । जेजति भए पनि तिनी आफ्नो कर्मले गर्दा भएको ठान्थिन् ।

त्यसैले 'कार्य समिति' ले साधारण भाषामा तिनलाई सोध्यो, "तपाईंलाई मालिकको कोर्रा लगाएको वा सताएको वा अन्नको बीउ दिएको छ ?" त्यसपछि लान्दोले बुझिन् र तिनले आफ्नो जीवनको कष्टकर दु:खलाई यति राम्रो शैलीमा पोखिन् कि पहिलो 'आलोचना बैठक' मा सबैभन्दा राम्रो वक्ता भइन् । तिनको कुरा सुनेर सबै स्रोताहरू ठुलो स्वरले कराउन थाले, "दासप्रथालाई समाप्त गर ।" विद्रोह रोकेर उत्पादन बढाउने समितिमा तिनी एकमतले चुनिन् ।

लान्दो 'कार्यकर्ता' बनिन् । तिनले भर्खरैमात्र जीवन बाँच्न सुरु गरिन् र जीवन जिएको अनुभव गरिन् । लान्दोले मर्यो भनी ठानिएको तिनको आमाको खोजी 'कार्यरत समिति' ले गर्यो । अहिले दुवैजना सँगै छन् । लान्दोले लेखपढ गर्न सिकिन्, राजनीति पढिन्, कृषिमा सुधार गर्न वा केही काम गर्न सिकिन् । तिनको नयाँ जीवन सुरु गरिदिएको कम्युनिस्ट पार्टीप्रतिको तिनको आस्था शुद्ध र सफा छ ।

मानव समाजमा दासप्रथा र मानवीय चेतना पहिले नै आइसकेको थियो । यो कुरा धेरै मानवीय मूल्य चुकाएर आएको हो । आज तिब्बतमा गरेजस्तो सामाजिक संरचनाको निर्माण कहिलेकाहीँ मात्र हुने गर्छ । नयाँ सचेत दासहरूलाई भेटेपछि मात्रै मैले सैनिक मामिलामा 'कार्य शक्ति' (Task Force) बारे थाहा पाएँ । विशिष्ट कार्य सम्पादनका लागि परिचालन गरिएको हो भन्ने कुरा मैले पूर्ण रूपले बुझेँ । त्यसलाई तिब्बतमा चीनको कम्युनिस्ट पार्टीले पठाएको हो । तिब्बतमा कम्युनिस्टहरू छैनन्, दास र दास मालिकहरू मात्र छन् । त्यसको काम तिब्बतलाई कम्तीमा मानवीय मूल्यमा फेर्नु हो ।

यो काम चाम्दो (Chamdo) मा जितेर अथवा सरकारी आदेश दिएर गर्न सकिने कुरा होइन । आफ्नो जीवनलाई परिवर्तन गर्न खोजिरहेका तिब्बतभरिका मानिसहरूमा चेतना जगाएरमात्र यो काम गर्न सकिन्छ । १९५१ मा सुधारलाई किन लादिएन र आठ वर्षसम्म दासप्रथा किन कायमै रहन दिइयो भन्ने प्रश्नको उत्तर यही नै हो । ३० प्रतिशत खान्दानीहरूको मन जितियो । त्यसैले त तिनीहरूले सरकारलाई आफ्ना सम्पत्तिहरू बेच्न तयार भए । सरकारप्रति तिनीहरूको पूर्ण वा अपूर्ण आस्थाको कारण तथा सरकारमा सहभागिताले शान्तिपूर्ण परिवर्तन सुनिश्चित गरेको हो । दासहरूबाट आस्था र ठुलो भरोसा प्राप्त भयो । 'कार्य समिति' ले एक एक गरेर यी सबै हासिल गरिरह्यो । अहिले विद्रोहीहरू पराजित भए ।

आस्थावान खान्दानीहरू, लामाहरूको शिक्षादीक्षा, हस्तकलामा काम गर्ने मानिसहरूको सङ्गठन नयाँ वर्गको रूपमा आ-आफ्नै महत्त्व छ । तर यी सबै कुरा क्रान्तिको तयारी हो । यो काम सहर वरिपरि दासहरूको चेतनाबाट फैलिरहेको थियो ।

***स्रोत : तिब्बतका भू-दासहरू उठ्दा***



ल्हासामा लिङ्खा चाड मनाइँदै, सन् १९५९ जून २२

# पाकिस्तान र अफगानिस्तानबिच 'खुला युद्ध' घोषणा



इस्लामाबाद, १५ फागुन (एपी) । पछिल्लो हवाई आक्रमण र सीमापार झडपपछि पाकिस्तानले अफगानिस्तानसँगको द्वन्द्व अब 'खुला युद्ध' मा रूपान्तरित भएको घोषणा गरेको छ । पाकिस्तानका रक्षामन्त्री ख्वाजा मोहम्मद आसिफले शुक्रबार बिहान सामाजिक सञ्जाल एक्समार्फत देशको 'धैर्य समाप्त भएको' जनाउँदै अब दुई देशबिच खुला युद्धको अवस्था सिर्जना भएको बताउनुभयो ।

उहाँले नाटो सेना फिर्ता भएपछि पाकिस्तानले अफगानिस्तानमा शान्ति स्थापना हुने अपेक्षा गरेको तर तालिबान सरकारले त्यसको विपरीत बाटो रोजेको आरोप लगाउनुभयो । तालिबानले अफगान जनताको कल्याण र क्षेत्रीय स्थिरतामा ध्यान केन्द्रित गर्ने अपेक्षा गरिए पनि अफगानिस्तानलाई 'भारतको उपनिवेश' बनाइएको, विश्वभरका उग्रवादीलाई एकत्रित गरिएको र 'आतङ्कवाद निर्यात' सुरु गरिएको उहाँको दाबी थियो । "हाम्रो धैर्य अब समाप्त भएको छ । अब हामीबिच खुला युद्ध छ", उहाँले उल्लेख गर्नुभयो । उहाँका अभिव्यक्तिबारे अफगान सरकारी अधिकारीहरूको तत्काल कुनै प्रतिक्रिया आएको छैन ।

रक्षामन्त्री आसिफको टिप्पणी पाकिस्तानले काबुल, कान्दाहार र पक्तिया प्रान्तमा हवाई आक्रमण गरेको केही घण्टापछि सार्वजनिक भएको हो । पाकिस्तानी अधिकारीहरू र अफगान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदका अनुसार यी आक्रमणहरू अफगानिस्तानबाट भएको सीमापार आक्रमणको प्रत्युत्तरस्वरूप गरिएको दाबी गरिएको छ । केही महिनाअघि कतार र टर्कीको मध्यस्थतामा युद्धविराम भएको भए पनि पछिल्लो घटनाक्रमले तनाव पुनः चुलिएको देखिएको छ ।

दुवै देशले एकअर्कालाई ठुलो क्षति पुऱ्याएको दाबी गरेका छन् तर ती विवरण स्वतन्त्र रूपमा पुष्टि हुन सकेका छैनन् । अफगानिस्तानको रक्षा मन्त्रालयले रातिको समयमा भएको कारबाहीमा ५५ पाकिस्तानी सैनिक मारिएको, केहीको शव अफगानिस्तानतर्फ लगिएको र 'धेरैलाई जीवितै नियन्त्रणमा लिइएको' जनाएको छ । मन्त्रालयका अनुसार आठ अफगान सैनिक मारिएका र ११ जना घाइते भएका छन् । १९ पाकिस्तानी चौकी र दुई आधार ध्वस्त पारिएको तथा बिहीबार सुरु भएको झडप करिब चार घण्टापछि मध्यरातमा रोकिएको दाबी गरिएको छ ।

यता पाकिस्तानका सूचनामन्त्री अत्ताउल्लाह तरारले दुई पाकिस्तानी सैनिक मारिएको र तीन जना घाइते भएको जानकारी दिनुभयो । प्रधानमन्त्री शाहबाज सरिफका प्रवक्ता मुशर्रफ अली जैदीले कुनै पनि पाकिस्तानी सैनिक पक्राउ परेको दाबी अस्वीकार गर्दै कम्तीमा १३३ अफगान लडाकू मारिएको र २०० भन्दा बढी घाइते भएको उल्लेख गर्नुभयो । उहाँका अनुसार २७ अफगान चौकी ध्वस्त पारिएका र नौ जना लडाकूलाई नियन्त्रणमा लिइएको छ । हताहत कहाँ भएका भन्ने स्पष्ट नगरिए पनि काबुल, पक्तिया र कान्दाहारका सैन्य लक्ष्यमा आक्रमणबाट ठुलो क्षति पुगेको अनुमान गरिएको उहाँले जनाउनुभयो ।

इस्लामाबादस्थित दुई वरिष्ठ सुरक्षा अधिकारीले केही सीमा चौकीमा अफगान सेनाले सेतो झण्डा उठाएको दाबी गरेका छन्, जसलाई सामान्यत: गोलीबारी रोक्ने सङ्केतका रूपमा लिइन्छ । नाम उल्लेख नगर्ने सर्तमा उनीहरूले पाकिस्तानी सेनाले अफगान तालिबानको 'अप्रेरित आक्रमण' को कडा जवाफ दिएको र सीमावर्ती क्षेत्रका महत्त्वपूर्ण तालिबान चौकीहरू ध्वस्त पारेको बताएका छन् ।

रक्षामन्त्री आसिफले तालिबान सरकारले महिलासहितका आधारभूत मानव अधिकारलाई इस्लाम अन्तर्गत प्रत्याभूत गरिएका अधिकारसमेत बेवास्ता गरेको आरोप पनि लगाउनुभयो । यद्यपि त्यसबारे विस्तृत प्रमाण प्रस्तुत गरिएको छैन । पाकिस्तानले प्रत्यक्ष र मित्र राष्ट्रमार्फत स्थिरता कायम गर्न प्रयास गरेको तर पाकिस्तानलाई लक्षित गरी आक्रामकता बढेपछि आफ्ना सशस्त्र बलले 'निर्णायक जवाफ' दिएको उहाँको भनाइ थियो ।

तनाव बढेसँगै मानवीय असर पनि देखिन थालेको छ । पाकिस्तानका अधिकारीहरूले उत्तरपश्चिमी तोरखाम नाकाबाट फर्किन प्रतीक्षारत दर्जनौँ अफगान शरणार्थीलाई झडप फैलिएपछि सुरक्षित स्थानमा सारिएको बताएका छन् । पाकिस्तानले अक्टोबर २०२३ देखि कागजातविहीन आप्रवासीविरुद्ध व्यापक कारबाही सुरु गरेको थियो । त्यसक्रममा धेरैलाई गिरफ्तारी र जबरजस्ती निष्कासनबाट जोगिन देश छाड्न आग्रह गरिएको थियो भने अरूलाई निष्कासन गरिएको थियो । इरानले पनि सोही समयमा आप्रवासीविरुद्ध कडाइ सुरु गरेको थियो ।

त्यसयता लाखौँ मानिसहरू सीमा पार गर्दै अफगानिस्तान फर्किएका छन् । तीमध्ये दशकौँअघि पाकिस्तानमा जन्मिएर त्यहीँ जीवन र व्यवसाय स्थापना गरेका व्यक्ति पनि समावेश छन् । संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीका अनुसार गत वर्ष मात्र २९ लाख मानिस अफगानिस्तान फर्किएका थिए भने यस वर्ष अहिलेसम्म करिब ८० हजार जना फर्किसकेका छन् ।

# सम्झौताविना टुङ्गियो अमेरिका–इरान वार्ता

जेनेभा, १५ फागुन (एपी) । मध्यपूर्वमा युद्धको खतरा बढिरहेका बेला अमेरिका र इरानबिच तेहरानको आणविक कार्यक्रमबारे भएको पछिल्लो अप्रत्यक्ष वार्ता कुनै ठोस सम्झौताविना समाप्त भएको छ । जेनेभामा बिहीबार घण्टौँ चलेको संवादपछि दुवै पक्ष बाहिरिए पनि तनाव घट्ने सङ्केत स्पष्ट देखिएको छैन ।

वार्ताको मध्यस्थता गरिरहनुभएका ओमानका विदेशमन्त्री बद्र अल–बुसाइदीले 'उल्लेखनीय प्रगति' भएको बताउनुभयो, तर कुनै ठोस सहमति सार्वजनिक भएन । वार्ता अन्त्य हुनुअघि इरानी राज्य टेलिभिजनले तेहरान युरेनियम संवर्धन जारी राख्न प्रतिबद्ध रहेको, संवर्धित सामग्री विदेश पठाउने प्रस्ताव अस्वीकार गरेको र अन्तर्राष्ट्रिय प्रतिबन्ध हटाइनुपर्ने अडान दोहोऱ्याएको जनाएको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प इरानको आणविक कार्यक्रम पूर्ण रूपमा रोक्ने सहमति चाहनुहुन्छ । उहाँले इरान आन्तरिक असन्तोषले कमजोर बनेको बेला दबाब बढाउने अवसर देख्नुभएको छ । तर इरानले आफूलाई शान्तिपूर्ण उद्देश्यका लागि युरेनियम संवर्धन गर्ने अधिकार रहेको बताउँदै लामो दूरीको क्षेप्यास्त्र कार्यक्रम वा हमास र हिजबुल्लाहजस्ता समूहलाई समर्थनबारे छलफल गर्न अस्वीकार गर्दै आएको छ ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) को मुख्यालय भियनामा प्राविधिक तहका वार्ता अर्को हप्ता जारी रहने अल–बुसाइदीले जानकारी दिनुभयो । सम्भावित कुनै पनि सहमतिमा आइएइएको भूमिका निर्णायक हुने अपेक्षा गरिएको छ ।

इरानका विदेशमन्त्री अब्बास अराघचीले अमेरिकी पक्षसँगको संवादलाई 'सबैभन्दा गहन र लामो चरणको वार्ता' बताउनुभयो । उहाँले इन्डिया टुडेसँगको अन्तर्वार्तामा सम्भावित युद्ध 'विनाशकारी' हुने चेतावनी दिँदै अमेरिकाले आक्रमण गरे क्षेत्रभर फैलिने जोखिम औँल्याउनुभयो । इरानले अमेरिकी सैन्य अड्डा र इजरायललाई समेत सम्भावित लक्ष्य मान्ने चेतावनी दिँदै आएको छ ।

इन्टरनेसनल क्राइसिस ग्रुपका विश्लेषक अली वेजले वार्तापछि अमेरिकी टोली तुरुन्तै नहट्नु सकारात्मक सङ्केत भएको टिप्पणी गर्नुभयो । उहाँका अनुसार दुवै पक्षबिच अझै केही साझा आधार बाँकी रहेको देखिन्छ ।

गत वर्ष इजरायलले इरानविरुद्ध १२ दिने युद्ध सुरु गरेपछि र अमेरिकाले इरानका आणविक साइटमा आक्रमण गरेपछि रोकिएको वार्ता यसपटक पुनः सुरु भएको थियो । करिब तीन घण्टा चलेको छलफलपछि छोटो विराम लिएर पुनः बैठक बसेको थियो । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले आणविक मुद्दा र प्रतिबन्ध राहतमा 'रचनात्मक प्रस्ताव' राखिएको बताउनुभएको छ ।

सन् २०१५ को आणविक सम्झौताबाट अमेरिका बाहिरिएपछि इरानले युरेनियम संवर्धन ६० प्रतिशतसम्म पुऱ्याएको थियो, जुन हतियार-ग्रेड ९० प्रतिशतको नजिक मानिन्छ । अमेरिकी गुप्तचर मूल्याङ्कनअनुसार इरानले औपचारिक रूपमा हतियार कार्यक्रम पुनः सुरु नगरे पनि आवश्यक पूर्वाधार सुदृढ बनाउने गतिविधि गरिरहेको देखिन्छ ।

यदि वार्ता पूर्ण रूपमा असफल भयो भने सम्भावित सैन्य कारबाहीको आकार र उद्देश्य अस्पष्ट छ । सीमित आक्रमणले इरानलाई झुकाउने कि दीर्घकालीन युद्धतर्फ धकेल्ने भन्ने अन्योल कायमै छ । यस्तो कदमले पर्सियन खाडी र इजरायलसम्म तनाव फैलिन सक्ने आकलन गरिएको छ ।

तनावकै कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढेको छ । बेन्चमार्क ब्रेन्ट क्रुड प्रतिब्यारेल करिब ७० डलरमा कारोबार भइरहेको छ । इरानले अघिल्लो चरणको तनावका बेला होर्मुज जलडमरूमध्यमा अस्थायी अवरोध सिर्जना गरेको जनाएको थियो । होर्मुज जलडमरूमध्यबाट विश्वको झन्डै पाँचौँ भाग व्यापारिक तेल आपूर्ति हुने गर्छ ।

## विश्व सङ्क्षेप

### केजरीवाल भ्रष्टाचार मुद्दामा सफाइ

नयाँदिल्ली, १५ फागुन (एएफपी) । दिल्लीको अदालतले भारतीय विपक्षी नेता अरविन्द केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचार मुद्दामा निर्दोष ठहर गर्दै सबै आरोपबाट मुक्त गरेको छ । शुक्रबारको फैसलापछि केजरीवाल र उहाँका समर्थकहरूले न्यायको विजय भएकोमा खुसी व्यक्त गरेका छन् । सन् २०२५ मा दिल्लीको मुख्यमन्त्री रहनुभएका केजरीवाल मार्च २०२४ मा मदिरा इजाजतपत्र बाँडफाँटमा घुस लिएको आरोपमा पक्राउ पर्नुभएको थियो र केही महिना जेलमा बिताउनुभएको थियो । अदालतले उहाँलाई, उहाँका पूर्व सहायक मनिष सिसोदिया र अन्य २१ जनालाई सबै आरोपबाट मुक्त गरेको जनाएको छ ।

फैसलापछि पत्रकारहरूसँगको संवादमा केजरीवालले भन्नुभयो, "सत्यको विजय भएको छ ।" उहाँले सत्ताधारी पार्टी भारतीय जनता पार्टी (बिजेपी) ले आम आदमी पार्टीलाई समाप्त गर्ने प्रयासमा राजनीतिक षड्यन्त्र प्रयोग गरेको आरोप लगाउनुभयो । सन्ताउन्न वर्षीय केजरीवालले आफ्नो करियर कर सङ्कलनकर्ताको रूपमा सुरु गर्नुभयो तर भ्रष्टाचारविरोधी अभियानमा जुट्न निजामती सेवा छाड्नुभयो, जसले उहाँलाई राष्ट्रिय स्तरमा ख्याति दिलायो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विरोधीहरूले विगतका वर्षहरूमा विभिन्न राज्यका मुख्यमन्त्रीहरूसहित आपराधिक अनुसन्धानको सामना गर्दै आएका थिए ।

फेब्रुअरी २०२५ मा बिजेपीकी रेखा गुप्ता तीन करोडभन्दा बढी जनसङ्ख्याको दिल्ली महानगरकी मुख्यमन्त्री निर्वाचित हुनुभएको थियो । विपक्षीहरूले त्यतिबेला प्रस्तुत विधेयकलाई संवैधानिक सुरक्षा उपायहरूलाई कमजोर पार्ने प्रभावहीन प्रयासका रूपमा व्याख्या गरेका थिए ।

अदालतको यस फैसलाले राजनीतिक तनावबिच केजरीवालको छवि मजबुत बनाएको छ र आम आदमी पार्टीलाई आगामी निर्वाचनका लागि उत्साहित बनाउने सङ्केत दिएको छ ।

### कजाकिस्तानमा ग्यास विस्फोट, सात जनाको मृत्यु

अस्ताना(काजकिस्तान), १५फागुन (सिन्ह्वा) । उत्तरी कजाकिस्तानको रिसोर्ट शहर स्चुचिन्सक स्थित क्याफेमा भएको शक्तिशाली ग्यास विस्फोटमा सात जनाको मृत्यु हुनुका साथै अन्य १९ जना घाइते भएको स्थानीय मिडियाले शुक्रबार जनाएको छ । मिडिया रिपोर्टका अनुसार क्याफेमा ग्याँस-हावाको मिश्रणले आगो लगाएको अनुमान गरिएको छ, जसले गर्दा रातको बिचमा विस्फोट भएको थियो । अकमोला क्षेत्रको बुराबे जिल्लाको आवासीय भवनमा जोडिएको एकतले क्याफेमा आगलागी भएपछि उक्त विस्फोट भएको जनाइएको छ ।

हाल आगो पूर्ण रूपमा नियन्त्रणमा आइसकेको क्षेत्रीय आपतकालीन विभागले जनाएको छ । क्षेत्रीय अधिकारीहरूका अनुसार आगलागीका कारण पाँच जनाको घटनास्थलमै मृत्यु भएको थियो भने अन्य दुई जनाको उपचारका क्रममा मृत्यु भएको थियो । घाइतेमध्ये १३ जनालाई अस्पतालमा भर्ना गरिएको जनाइएको छ । धेरैजसो पीडितहरू गम्भीर रूपमा जलेको जनाइएको छ ।

विस्फोटको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरिएको अधिकारीहरूले बताएका छन् ।

# हिंसालाई वैधानिकता दिने तालिबानको नयाँ आदेशको राष्ट्रसङ्घद्वारा निन्दा

जेनेभा (स्विट्जरल्यान्ड), १५ फागुन (एएनआई) । मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त भोल्कर टर्कले अफगानिस्तानमा महिला र बालबालिका विरुद्धको हिंसालाई वैधानिकता दिने तालिबान सरकारको नयाँ आदेशको कडा निन्दा गर्नुभएको छ ।

मानव अधिकार परिषद्को ६१ औं सत्रको अन्तरक्रियात्मक संवादमा बोल्दै टर्कले अफगानिस्तानलाई मानव अधिकारको चिहानको रूपमा वर्णन गर्नुभएको छ । सन् २०२१ तालिवान सत्तामा आए पछि महिलाहरूलाई माध्यमिक र उच्च शिक्षा, रोजगारी, र स्वास्थ्य सेवा र सार्वजनिक स्थानहरूमा पहुँचमा प्रतिबन्ध लगाएको छ । जसले उनीहरूलाई सामाजिक र आर्थिक रूपमा सीमान्तकृत बनाएको जनाइएको छ ।

टर्कले गत महिना तालिबान नेताद्वारा हस्ताक्षर गरिएको आदेशको निन्दा गर्दै जसले मृत्युदण्डको अभ्यास विस्तार गरी शारीरिक सजायलाई वैधानिकता दिने उल्लेख गर्दै यसले महिलाको स्वतन्त्रतालाई अझ कमजोर पार्ने बताउनुभएको छ ।

उहाँले यी उपायहरूले, महिलाको आन्दोलन, शिक्षा र रोजगारीमा प्रतिबन्ध बलियो बनाउदै प्रणालीगत उत्पीडन र लैङ्गिकताका आधारमा चरम उत्पीडन र रंगभेदको सम्झना दिलाउने कुरामा जोड दिनु भएको छ ।

उच्चायुक्तले तालिबानले सन् २०२५ सेप्टेम्बर देखि संयुक्त राष्ट्रका कर्मचारीलगायतका अफगान महिलाहरूलाई संयुक्त राष्ट्र परिसरमा प्रवेश गर्न प्रतिबन्ध लगाएकोमा चिन्ता व्यक्त गर्दै सम्वेदनशिलता अनिवार्य ड्रेस कोड र मिडिया, सार्वजनिक सेवा र मानवीय कार्यमा महिलाहरूले सामना गर्ने असाधारण चुनौतीहरूलाई प्रकाश पार्नुभएको छ ।

सार्वजनिक मृत्युदण्ड, अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रतिबन्ध र राष्ट्रव्यापी सञ्चार अवरोधले महिला तथा कमजोर वर्गका लागि जोखिम बढाएको उहाँले जनाउनु भएको छ ।

टर्कले तालिबानलाई सबै भेद-भावपूर्ण कानून र आदेशहरू खारेज गरी महिला तथा किशोरिहरूलाई शिक्षा, स्वास्थ्य सेवा, रोजगार र सार्वजनिक स्थानमा निर्बाध पहुँचको सुनिश्चिततासहित राष्ट्रसङ्घ र सहयोगीहरूलाई स्वतन्त्र रूपमा काम गर्न अनुमति दिन आह्वान गर्नुभएको छ ।

उहाँले मृत्युदण्डमा रोक लगाउन, शारीरिक सजाय अन्त्य गर्न, मनमानी गिरफ्तारी रोक्न र अभिव्यक्ति स्वतन्त्रता र महिला पत्रकारहरूको सञ्चार अधिकारको सम्मान गर्न पनि अधिकारीहरूलाई आग्रह गर्नुभएको छ ।

उहाँले महिलाहरूको निरन्तर बहिष्कार र उत्पीडनले अफगानिस्तानको सामाजिक एकता र भविष्यको विकासलाई कमजोर पार्ने बताउँदै सार्वजनिक र नागरिक जीवनमा महिलाको पूर्ण सहभागिता बिना देशको वास्तविक विकास हुन नसक्ने बताउनुभएको छ ।

उहाँले अन्तर्राष्ट्रिय समुदायलाई तालिबानलाई जवाफदेही बनाउन र अफगानिस्तानसँगको संलग्नतामा मानव अधिकार केन्द्रित रहेको सुनिश्चित गर्न आग्रह गर्नुभएको छ ।

# परीक्षा र चुनावमा समानता

✍ इक्श्री

के परीक्षा र चुनाव एउटै हुन् ? कसैले हठात् यो प्रश्न गऱ्यो भने हामीले उत्तर दिन केही बेर सोच्नुपर्ने हुन्छ । एकैछिन सोचेपछि थाहा हुन्छ भने, एकातिर परीक्षा हलमा धेरै विद्यार्थीहरू उत्तरहरू चोरेर, नक्कल गरेर उत्तीर्ण हुने दौडमा देखिन्छन् भने अर्कातिर चुनावी मैदानमा उम्मेदवारहरू झूटा बाचा गरेर, भोज खुवाएर, पैसा बाँडेर जित हासिल गर्ने प्रयासमा हुन्छन् । यी दुवै घटनाले हाम्रो सामाजिक मूल्य र नैतिकताको अवस्था उजागर गर्छन् । सतहमा हेर्दा यी दुई फरक क्षेत्र हुन्, तर गहिराइमा गएर हेर्ने हो भने यी एउटै मानवीय प्रवृत्तिका दुई अनुहार हुन् भनेमा खासै अत्युक्ति नहोला ।

परीक्षा भनेको विद्यार्थीको ज्ञान, समझ र क्षमताको मापन हो । तर, आज धेरै विद्यार्थीले यसलाई प्रमाणपत्र प्राप्त गर्ने एउटा माध्यम मात्र ठानेका छन् । उनीहरू ज्ञानभन्दा पनि नम्बरलाई बढी महत्त्व दिन्छन् । नेपालमा मात्र होइन, विश्वभर नै परीक्षामा चोरी गर्ने प्रवृत्ति बढ्दो छ । यसले के देखाउँछ भने, विद्यार्थीहरूले शिक्षाको वास्तविक उद्देश्य बिर्सिएका छन् । यसबारेमा उनीहरूलाई बुझाउन पनि सकिएको छैन । उनीहरू सिकाइको आनन्दभन्दा पनि प्रमाणपत्रको मोहमा चोरी गर्न बाध्य भएको देख्दा, कहिलेकाहीँ त शिक्षा प्रणालीप्रति नै दिक्क लागेर आउँछ ।

परीक्षामा चोरी गर्ने विद्यार्थीहरूले आफैंलाई ठगिरहेका हुन्छन् । उनीहरूले प्रमाणपत्र त पाउँछन् तर त्यसबाट ज्ञान र सीप पाउँदैनन् । जब उनीहरू वास्तविक जीवनमा त्यो ज्ञान प्रयोग गर्नुपर्ने अवस्था आउँछ, तब उनीहरू असफल हुन्छन् । यसले उनीहरूको आत्मविश्वासमा कमी ल्याउँछ र उनीहरूले अझ बढी चोरी गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । यो एउटा दुष्चक्र जस्तै बनेको छ, जहाँ एउटा चोरीले अर्को चोरी निम्त्याउँछ र अन्ततः उनीहरू आफैंभित्रको क्षमतासँग अपरिचित रहन्छन् ।

चुनाव लोकतन्त्रको आधारस्तम्भ हो । यसमा जनताले आफ्नो प्रतिनिधि चुन्ने अधिकार प्रयोग गर्छन् । तर, हाम्रो चुनावी राजनीतिमा प्रायः झूट, प्रलोभन र अपराधको बोलवाला देखिन्छ । उम्मेदवारहरूले चुनाव जित्नको लागि जे पनि गर्न तयार हुन्छन् । झूटा बाचा गर्ने, भोज खुवाउने, पैसा बाँड्ने, डर त्रास देखाउने जस्ता क्रियाकलाप चुनावी मैदानमा सामान्यजस्तै भएका छन् । उम्मेदवारहरूले विकासको नारा लगाउँछन् तर जितेपछि ती नारा बिर्सन्छन् । उनीहरूले जनतालाई प्रयोग गर्ने माध्यम मात्र ठान्छन्, जिम्मेवारी होइन । यसले गर्दा जनतामा राजनीतिप्रति वितृष्णा पैदा हुन्छ । असल उम्मेदवारहरूले पनि चुनाव जित्नको लागि यिनै बाटोहरू रोज्नुपर्ने बाध्यता आउँछ, नत्र उनीहरू पराजित हुने डर हुन्छ । यसरी असलहरू पनि बाध्य भएर बाटो बिराउनुपर्ने अवस्था सिर्जना भएको छ ।

परीक्षा र चुनावबिच धेरै समानता छन् । दुवैमा सफलता पाउनको लागि प्रतिस्पर्धा गर्नुपर्छ । दुवैमा केही मानिसहरूले सफलता पाउँछन् भने केही असफल हुन्छन् । दुवैमा सही बाटो छोडेर गलत बाटो रोज्ने प्रवृत्ति बढ्दो छ । दुवैमा छोटो बाटो रोजेर सफलता हासिल गर्न खोजिन्छ । परीक्षामा चोरी गर्ने विद्यार्थी र चुनावमा झूट बोल्ने नेताबिच कुनै फरक छैन । दुवैले आफ्नो लक्ष्य प्राप्तिको लागि अनैतिक बाटो रोजेका हुन्छन् । फरक यत्ति मात्र छ कि एउटाले किताबको पानाबाट चोर्छ भने अर्कोले जनताको मनबाट । एउटाले गलत उत्तर लेख्छ भने अर्कोले गलत बाचा बोल्छ ।

यस्ता प्रवृत्तिहरूले समाजमा गहिरो असर पार्छन् । परीक्षामा चोरी गरेर पास भएका विद्यार्थीहरू भविष्यमा असल नागरिक, असल इन्जिनियर, असल डाक्टर, असल शिक्षक बन्न सक्दैनन् । उनीहरूसँग प्रमाणपत्रअनुसारको आवश्यक ज्ञान र सीप हुँदैन । यसले गर्दा समाजले गुणस्तरीय सेवा पाउन सक्दैन । एउटा डाक्टरले गलत उपचार गर्न सक्छ, एउटा इन्जिनियरले कमजोर पुल बनाउन सक्छ, एउटा शिक्षकले गलत ज्ञान दिन सक्छ । यसले देशको विकासमा बाधा पुऱ्याउँछ र मानवीय क्षतिसमेत हुनसक्छ । त्यस्तै, झूट बोलेर, भोज खुवाएर जितेका नेताहरूले जनताको हितमा काम गर्दैनन् । उनीहरू आफ्नो स्वार्थमा मात्र केन्द्रित हुन्छन् । उनीहरूको नेतृत्वमा विकास हुनसक्दैन, भ्रष्टाचार बढ्छ । सडकहरू अधुरै रहन्छन्, विद्यालयहरू भग्नावशेषमा, अस्पतालहरू औषधिविहीन । यसले गर्दा जनताको जीवनस्तर सुधिन सक्दैन, देश गरिबी र अशिक्षामा फस्छ ।

यी समस्याहरूको समाधान सजिलो छैन, तर असम्भव पनि छैन । पहिलो कुरा, शिक्षा प्रणालीलाई सुधार गर्न आवश्यक छ । विद्यार्थीहरूलाई नम्बरभन्दा पनि ज्ञानको महत्त्व बुझाउनुपर्छ । उनीहरूलाई सिकाइको आनन्द र उपयोगिताबारे बुझाउन सक्नुपर्छ । परीक्षामा चोरी गर्ने प्रवृत्तिलाई रोक्नको लागि कडा नियम बनाउनुपर्छ र त्यसलाई प्रभावकारी रूपमा लागू गर्नुपर्छ । साथै, परीक्षा प्रणालीलाई यस्तो बनाउनुपर्छ कि चोरी गर्ने सम्भावना नै नहोस् । रटाइभन्दा पनि समझ र विश्लेषणात्मक क्षमता मापन गर्ने प्रश्नहरू सोध्नुपर्छ ।

दोस्रो, राजनीतिमा सुधार आवश्यक छ । चुनावमा हुने गलत क्रियाकलापहरूलाई रोक्नको लागि कानुनलाई कडा बनाउनुपछ । निर्वाचन आयोगलाई थप शक्तिशाली र स्वायत्त बनाउनुपर्छ । मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेर जनतालाई सचेत बनाउनुपर्छ । जनताले पैसा र प्रलोभनमा नफसी योग्य उम्मेदवार छान्न सिक्नुपर्छ । उनीहरूले पाँच वर्षमा एक पटक पाउने यो अधिकारलाई बुद्धिमानीपूर्वक प्रयोग गर्न जान्नुपर्छ । यसका लागि सञ्चार माध्यम र नागरिक समाजले पनि सक्रिय भूमिका खेल्नुपर्छ ।

तेस्रो, नैतिक शिक्षालाई जोड दिनुपर्छ । घर र विद्यालयमा बालबालिकालाई सानैदेखि नैतिक मूल्य सिकाउनुपर्छ । उनीहरूलाई सही र गलतबिचको भिन्नता बुझाउनुपर्छ । आफ्नो लक्ष्य प्राप्तिको लागि सही बाटो रोज्न सिकाउनुपर्छ । सानै उमेरमा रोपिएको नैतिक बीउ भविष्यमा गएर ठूलो रुख बन्छ । यसले उनीहरूलाई मात्र होइन, समग्र समाजलाई नै दिशा दिन्छ ।

अन्त्यमा, परीक्षा र चुनाव एउटै सिक्काका दुई पाटा हुन् । यदि परीक्षामा चोरी गर्ने प्रवृत्ति रोकियो भने भविष्यमा असल नागरिक पाउन सकिन्छ । यदि चुनावमा झूट र प्रलोभन रोकियो भने असल नेतृत्व पाउन सकिन्छ । यी दुवैले देश र समाजको भविष्य निर्धारण गर्छन् । त्यसैले, यी समस्याहरूको समाधानको लागि हामी सबैले मिलेर प्रयास गर्नुपर्छ । किनभने, यी दुई क्षेत्रले नै हाम्रो समाजको दिशा तय गर्छन् । यदि हामीले सुधार चाहन्छौं भने यिनै ठाउँबाट सुरु गर्नुपर्छ । एउटा सभ्य, नैतिक र विकसित समाजको निर्माणको लागि परीक्षा हलदेखि चुनावी मैदानसम्म इमानदारी र सदाचारको पाठ बोकेर हिँड्न जरुरी छ ।

## कविता

# जन अदालतमा उभ्याउने छन्

✍ साहिँला

भदौ २३/२४ गतेको विध्वंश
कसले गरे कसका निम्ति ?
कसको इसारामा कसको हितमा ?
के यसमा शासकहरूको दोष छैन ?

आन्दोलनकारी युवा विद्यार्थीहरू
भए सबै रनभुल्लमा
साना नानी बाबुको टाउको छातीमा
गोली हाने, ढाले बाटैमा ।

सामाजिक सञ्जालको फुकुवा
भ्रष्टाचारको अन्त्य सुशासनका निम्ति
युवा विद्यार्थीहरूको शान्तिपूर्ण आन्दोलन
सरकार पल्टाउने सोच नै थिएन ।

टीओवीका उपद्रोही जमात
एनईडी, आईआरआईका एजेन्टको
एकै दिन एकै समय देशै भष्म
नियोजित योजना वर्षौं वर्षको ।

विदेशी सञ्चार पत्रकारहरू
भन्दै थिए यो विध्वंशकारीहरू
नेपाली थिएनन् हेर
दक्षिण पश्चिमको घुसपैठ थियो ।

नयाँ सरकारका मन्त्रिमण्डल
रूपरङ्ग बारबरा फाउन्डेसन
एमसीसी एसपीपीका मतियार
भएभरको विदेशी कठपुतली ।

चन्द्र सूर्यको पवित्र झन्डालाई
अपवित्र बनाउने योजनाकारहरू
खरानी घस्दै आउँदै छन् मत माग्न
युवा, नयाँ, मै प्रधानमन्त्री भन्नेहरू ।

हत्यारा बलात्कारी विदेशी दलालहरू
भ्रष्टाचारी, कमिसनखोरी गुण्डाहरू
सहकारी ठग, सार्वजनिक सम्पत्ति
हडप्नेहरू
जनमाझ आउँदै छन् पाखण्डीहरू ।

याद गर विध्वंशकारी भटुवाहरू
जनताको आँखा दूरबिन सरह छन्
पुराना नयाँ शासकहरूलाई
फागुन २१ गते जनअदालतमा
उभ्याउनेछन् ।

# मजदुर किसानको उम्मेदवारी

✍ सत्यराम कासिछवा

अन्याय अत्याचार सहन विवश
गरिब निमुखा जनताको
आवाज बनी
संसदमा नीतिनियम बनाउन
त्यसैले त मजदुर किसानको उम्मेदवारी

जनताको सेवा गर्छु भनी
खटेका जस्तो देखावटीपन
व्यवहारको त्यो बहानामा
असन्तुष्टिको त्यो आक्रोश
त्यसैले त मजदुर किसानको उम्मेदवारी

देशको स्रोतसाधन
विदेशीको पाउमा राख्न
व्याख्यात्मक टिप्पणीलगायत
वैयक्तिक स्वार्थको विरोध
त्यसैले त मजदुर किसानको उम्मेदवारी

नयाँ परिवर्तनको नाउँमा
विदेशीकै इसारामा
ऐतिहासिक तथा गौरवपूर्ण
सम्पदाको क्षतिमा विरोध
त्यसैले त मजदुर किसानको उम्मेदवारी

विदेशी शक्तिको सामु
लम्पसारको भक्ति देखाउँदै
वैदेशिक ऋण र अनुदानमा
देशको विकास देख्ने विरुद्ध
त्यसैले त मजदुर किसानको उम्मेदवारी

अपार खनिज जडीबुटी
सिँचाइका खोलानाला
विदेशीलाई सुम्पिने
दलालहरूको विरुद्ध मजदुर किसान
त्यसैले त मजदुर किसानको उम्मेदवारी

अभाव र असन्तुष्टिमा
देशको नागरिकता त्याग्नेहरू
विदेशीको उक्साहतमा दोहोरो
नागरिकता लिनेप्रति खबरदारी
त्यसैले त मजदुर किसानको उम्मेदवारी

# सुनिता गाइसीका दुई कविता

## मादलको तालमा

गाउँ सहर सबैतिर गुञ्जिने स्वर
मादलको तालले जगाउँछ रहर
हिमाल, पहाड, तराई हेर
निकै नै सुन्दर ।

मादलको तालमा रमायो
नि सहर,
नेपालीको मुटुमा बसेको
छ प्यारो बनी

कला संस्कृति, रहनसहन
जोगाएकै हो नि
आफ्नो माटो सुहाउँदो छ
हेर यसको ताल ।

नयाँ पुराना सबै
पुस्ता जोड्ने बन्यो यो कसी
सङ्गीतको लहरमा
रमाएर बसी ।

जात्रा पर्व संस्कृतिको
सुन्दर सहर हाम्रो
मादललाई जोगाउने
जनताको जमर्को ।

माटोको सुगन्ध, पसिनाको माया
लोकसंस्कृति अमूल्य हाम्रो छाया ।
मादलको तालमा रमाए नि जनता
आफ्नो पहिचान यसैलाई बनाएर हेर त ।

## भोट कसलाई त ?

चुनावको माहोल निकै
तातेको छ ।
घर घरमा भोटका लागि
आउने क्रम जारी छ ।

फागुन २१ आउँदै गर्दा
भाषण, पार्टी, भोटका
चर्चा चुलिँदै छ
दिनहुँ यो क्रम बढ्दै छ ।

कस्तो व्यक्तिलाई भोट
हाल्ने जनता अलमलमा छन्
जुन जोगी आए पनि
कानै चिरेको पो भन्दै छन् ।

कोही भने पुरानाको
गुणगान गर्दै छन्
कोही भने नयाँ नयाँ
मन्त्र जप्दै छन् ।

दल पुरानो वा नयाँ
भन्ने हुँदैन
उम्मेदवार उमेर पुगेको
वा युवा भन्ने हुँदैन

नयाँपन त विचारमा हुनुपर्छ
व्यक्तिको उमेरमा हैन
दुई दिनको रमझम अनि भाइरल
हुनेमा होइन

देशको माटो सुहाउँदो
हुनुपर्छ विचार
भाषण होइन काम गरेर
देखाउने हुनुपर्छ उम्मेदवार

भोट हाल्नु हाम्रो
अधिकार हो
इमानदार व्यक्तिलाई छानौं
आज होइन, भोलिको भविष्यबारे सोचौं ।

चुनावको माहोल निकै
तातेको छ ।
घर घरमा भोटका लागि
आउने क्रम जारी छ ।

## लघुकथा

# भोट

✍ आर. दिस्ती

विदेशमा बसोबास गरिरहेका चक्रप्रसादका छोराले लामो समयपछि आज एक्कासि फोन गऱ्यो । केही कुराकानी गर्न नपाउँदै छोराले "बुबा त्यहाँ नेपालमा हुन लागेको निर्वाचनमा नयाँ पार्टीलाई भोट हाल्नु, अरु पुराना पार्टीहरूलाई भोट हाल्नु भए म घर फर्कन्न नि" भन्यो ।

चक्रप्रसादले "बाबु तिमीले भनेर गएको निर्वाचनमा त्यही नयाँ पार्टीलाई भोट हालेको थिएँ; त्यस नयाँ पार्टीले पनि देश विकासमा कुनै काम गरेन" भनेर कुरा सुनाउँदै थियो । चक्रप्रसादको कुरा पूरा नहुँदै छोराले "होइन बुबा, त्यसबेला तिनीहरूको बहुमत नआएकोले केही गर्न नसकेको हो; अहिले बहुमत आएर सरकार चलाएपछि पुराना पार्टीहरूले भन्दा देशमा धेरै राम्रो गर्छन्; त्यही भएर नयाँ पार्टीलाई नै भोट दिनुस्" भन्यो ।

"बाबु, तिमी त्यहाँ बसेर सामाजिक सञ्जालमा हेरेको भरमा नयाँ पार्टी राम्रो छ भनी मूल्याङ्कन गरी भन्नु गलत छ । किनभने, त्यस नयाँ पार्टी पनि ठूला पार्टीहरू जस्तै एमसीसी पास गर्ने मतियार नै निस्के । कोही विदेशको एजेन्ट, कोही विदेशबाट परिचालित विदेशी दलाल र कोही सहकारी ठग भई निस्के । त्यस पार्टीले पार्टीका नेता गृहमन्त्री हुँदा तिमीहरूजस्ता विदेशमा बसेका युवा विद्यार्थीहरूलाई स्वदेशमा फर्काउन न कुनै योजना बनायो न त कुनै पहल नै गऱ्यो । त्यसविपरीत थुप्रै युवा/विद्यार्थीहरूलाई उसले विदेश पठाउने कार्य गऱ्यो । अहिलेको निर्वाचनका धेरै उम्मेदवारहरू पनि कोही गतिला देखिँदैनन् । पार्टीलाई चर्चामा ल्याउन धेरैजसो सेलिब्रेटीहरूलाई पार्टीबाट टिकट दिएर उम्मेदवार बनाएका छन् । तिनीहरूलाई कसरी भोट दिउँ बाबु ! तिनीहरूलाई भोट दिन मेरो मन कदापि मान्दैन ।"

चक्रप्रसाद फेरि छोरालाई सम्झाउँदै "हेर बाबु, सबै पुराना पार्टी र नेताहरू खराब पनि त छैनन् । पुराना पार्टीभित्र पनि देश र जनताको लागि वर्षौं वर्षसम्म दुःख कष्ट सहेर सेवा गरिरहेका नेताहरू छन् । पुराना साना पार्टीहरूले पार्टी स्थापनाकालदेखि विदेशी थिचोमिचो र हस्तक्षेपको विरुद्ध, असमान सन्धि सम्झौताको विरुद्ध, सरकारमा नगई प्रखर प्रतिपक्षमा रहेर देश र जनताको लागि सडक र सदनमा आवाज बुलन्द गर्दै आइरहेका छन् । जेन-जीहरूले उठाएको माग त्यस पार्टीले वर्षौं अगाडि देखि सदनमा उठाउँदै आइरहेको छ । ती पार्टीका उम्मेदवारहरू निर्वाचित भएका स्थानीय तह स्थानीय निकायबाटै शिशुस्याहार केन्द्रदेखि स्कूल कलेज खोलेर, अस्पताल खोलेर, घरघरमा नर्सिङ सेवा दिएर, युवा/विद्यार्थीहरूलाई विभिन्न खेलहरूको प्रशिक्षण र सीपमूलक तालिमहरू दिएर, त्यस क्षेत्रको सरसफाइ, कला संस्कृति र सम्पदा संरक्षण र व्यवस्थित सहरको विकास गर्न आवास योजना सञ्चालन गरेर साथै विभिन्न विकास निर्माणलगायतका कार्यहरू गरेर त्यस ठाउँलाई एउटा सुन्दर र सुसंस्कृत नगर बनाउन सफल भएको छ । त्यसैले, तिमीले जे भने पनि आउँदो निर्वाचनमा म त त्यहीं पार्टीका इमानदार र जनताका सेवक उम्मेदवारलाई भोट हाल्छु । भलै मैले भोट दिएको पार्टीका उम्मेदवार नजित्ला अर्कै कुरा हो, त्यसमा मलाई कुनै हिनताबोध हुनेछैन । बरु, मेरो भोट बेइमान र भ्रष्ट पार्टीका उम्मेदवारलाई नदिएकोमा मलाई आत्मसन्तुष्टि हुनेछ ।"

चक्रप्रसादको राजनीतिक चेतनाप्रति छोरा खुसी हुँदै "बुवा तपाईंको सोचाइप्रति मेरो उच्च सम्मान छ, हजुरको सोचाइअनुसार भोट हाल्नुस् । हजुरको जस्तो सोचाइ देशका सबै जनताको भइदिएको भए हाम्रो देश कति अगाडि बढ्दो हो । हामीजस्ता युवा/विद्यार्थीहरू स्वदेशमै बसेर देशको सेवा गरिबस्ने चाहना सबैको पुरा हुँदो हो" भन्दै छोराले चक्रप्रसादलाई प्रणाम गर्दै चाँडै नै घर फर्कने आश्वासन दिँदै फोन राख्छ । चक्रप्रसाद भोट हाल्न आतुर हुँदै निर्वाचनको पर्खाइमा हुन्छ ।

# दाना र प्वाँख

✍ सत्य सुवाल

हिटलर एकदिन संसद्मा एउटा जिउँदो भाले लिएर आइपुग्छ । सभामुख र सांसदहरू अचम्म मानेर हेर्दै गर्दा हिटलरले भालेलाई समातेर एक-एक गरी उसका सबै प्वाँख उखेल्न थाल्छ ।

भाले पीडाले चिच्याइरहन्छ, तर हिटलर प्वाँख नउखेलुन्जेल रोकिन्न । केही बेरमै भाले नाङ्गो, निरीह र काँपिरहेको हुन्छ ।

त्यसपछि हिटलरले आफ्नो खल्तीबाट मकैका केही दाना निकालेर भुइँमा छर्छ ।

भाले, जसको शरीरभरि घाउ र पीडा छ, ती दाना खान थाल्छ ।

हिटलर अगाडि बढ्छ ।

भाले दानाको आशामा हिटलरको पछि-पछि लाग्छ ।

हिटलर रोकिन्छ, पछाडि फर्केर भन्छ,

"हेर्नुस्, मैले यसको प्वाँख उखेलें, पीडा दिएँ, अपमान गरें । तर, केही दानाको लोभ देखाएपछि यही भाले मेरो पछि लागिरहेको छ । यसलाई मेरो प्वाँख उखेल्नुको पीडाभन्दा आजको दाना ठूलो लाग्यो ।"

त्यसपछि हिटलर सभामुखतर्फ फर्केर भन्छ,

"महामहिम, नेतामुखी व्यवस्थामा नेता र जनताबिच यस्तै सम्बन्ध बन्छ । जनतालाई नाङ्गो बनाइए पनि, अधिकार खोसिए पनि, पीडा दिइए पनि यदि बेलाबेला केही दाना फ्याँकियो भने जनता प्रश्न गर्दैनन्, पछि लाग्छन् ।"

सभामा सन्नाटा छाउँछ ।

हिटलर आफ्नो कुरा टुङ्ग्याउँदै भन्छ,

"जो जनता आँखा चिम्लेर नेता पछ्याउँछ, उसले कस्तो नेतृत्व रोज्छ भन्ने प्रश्न आफैँले आफैँलाई सोध्नुपर्छ ।"

आज नेपाल पनि यही रोगबाट ग्रसित देखिन्छ ।

नेता जतिसुकै गतिला नहुन्, गल्ती जतिसुकै भए पनि जनता गुणगान गाउन छोड्दैनन् ।

कोही जन्मजात 'काङ्ग्रेस', कोही जन्मजात 'कम्युनिस्ट' ।

यहाँ प्रश्न उठ्दैन,

कामको आधारमा समर्थन गर्ने कि विरोध गर्ने ?

गुण र दोष तौलने संस्कार किन विकास हुँदैन ?

जब जनता आफैँले प्रश्न गर्न छोड्छ,

त्यसदिनदेखि परिवर्तन नारा मात्रै बन्छ,

प्रगति भाषणमै सीमित हुन्छ ।

वास्तविक परिवर्तन तब मात्र सम्भव हुन्छ,

जब जनता दानाभन्दा प्वाँखको पीडा सम्झन थाल्छ ।



गत हप्ता कोरियाली मजदुर पार्टीको नवौं महाधिवेशन सफलतापूर्वक सम्पन्न भएको अवसरमा कोरियाली जनसेनाले राजधानी प्रजातान्त्रिक जनगणतन्त्र (प्रजग) कोरियाको राजधानी प्योङयाङस्थित किम इल सङ स्क्वायरमा अयोजित बृहत् सैन्य परेडको अवलोकन गर्दै कोरियाली मजदुर पार्टीका महासचिव एवं राष्ट्रिय मामिला आयोगका अध्यक्ष कम जोङ उनलगायत उच्चपदस्थ पार्टी तथा सैन्य अधिकारीहरू फेब्रुअरी २५, २०२६ साँझ। *तस्बिर : केएफए इन्टरनेशनल*

# निर्वाचन अवधिभर मादक पदार्थ बिक्री वितरण तथा सेवनमा प्रतिबन्ध

काठमाडौँ, १५ फागुन। निर्वाचन आयोगले आजदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउने भएको छ।

आयोगले निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकबाट पारित निर्वाचन सुरक्षा योजनाअनुसार सो प्रस्ताव गरिएको हो।

सुरक्षाको समग्र अवस्थाको समीक्षा एवं वस्तुस्थितिको आकलन तथा सुरक्षा व्यवस्थासम्बन्धी मार्गदर्शन तथा सिफारिससमेतका आधारमा आयोगले गृह मन्त्रालयलाई निर्देशन दिएको छ। आयोगले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृह मन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिएको छ।

जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आचारसंहिता, २०८२ बमोजिम निषेध गरिएका कार्य हुन नदिने र कहीँ कतै भए गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन निर्देश गरिएको छ।

मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मतका सवारीसाधन निर्वाध चल्न सक्नेछन्।

यस्तै, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारीसाधन, कूटनीतिक नियोगका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधन पनि सहज सञ्चालन हुनेछ। सार्वजनिक तथा निजी सवारीसाधन भने यही फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय भएको आयोगले जनाएको छ।

यस्तै, मतदानको दिनमा अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडान यथावत सञ्चालनको व्यवस्था मिलाइनेछ। अन्तर्राष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलदेखि घर र बसोबास गर्ने होटलसम्म ल्याउन सहज व्यवस्था गरिएको छ।

यस्तै, घर बसोबास गर्ने होटलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिनेगरी आवश्यक व्यवस्था मिलाइने आयोगले उल्लेख गरेको छ।

यी कागजात देखाएर मतदान गर्न पाइन्छ। प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशका, २०८२ अनुसार मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र देखाएर मतदान गर्न सक्नेछन्।

यस्तै, राष्ट्रिय/परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारी चालक अनुमतिपत्र लिएर मतदान केन्द्रमा जान सक्नेछन्। सोबमोजिम कुनै एउटा कागजात साथमा लिएर मतदान गर्न जान सक्नेछन्।

यस्तै, मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न पाउने कुरा मतदानमा खटिने सुरक्षाकर्मी कर्मचारी र सरोकारवालालाई सूचना सम्प्रेषण गर्ने निर्णय भएको आयोगले उल्लेख गरेको छ।

मतदानको दिनमा निर्वाचन आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट जारी हुने सवारी पास उपलब्ध गराउन आयोगको सचिवालय परिसरमा पास वितरण एकाइ खडा गर्ने र सो एकाइमा निर्वाचन आयोगको तर्फबाट दुई जना र जिल्ला प्रशासन कार्यालय काठमाडौँको तर्फबाट दुई जना कर्मचारीलाई तोकिनेछ। ***(रासस)***

# धादिङमा निर्वाचन प्रचार अभियान चालु




धादिङ, १५ फागुन। फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनलाई जनताको बिचमा गएर राजनैतिकरूपले सचेत गर्ने उद्देश्यसहित नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरू जनताको घरदैलोमा पुग्ने र कोण सभामार्फत घोषणापत्र र पार्टीको विचार प्रचार गर्न धादिङको विभिन्न स्थानमा कार्यक्रमहरू आयोजना गरियो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका विक्रम धुकुछुले देशको सीमा सुरक्षा र सार्वभौमिकता रक्षाको लागि, भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादको हस्तक्षेपविरुद्ध सङ्घर्ष चालु राख्न र देशलाई सिक्किम बनाउन खोज्ने नेपाली लेण्डुप दोर्जेहरूलाई परास्त गर्न सही उम्मेदवारलाई मतदान गर्नुपर्ने बताउनुभयो।

उहाँले नेमकिपाले सडक र सदनमा सधैँ जनताको पक्षमा आवाज उठाउँदै आएको पनि बताउनुभयो।

कार्यक्रममा धादिङ क्षेत्र नं. २ का उम्मेदवार प्रिया भट्टले नि:शुल्क शिक्षा र स्वास्थ्य उपचारको व्यवस्थापन तथा मजदुर र किसानको हितमा कानुन बनाउन नेमकिपाका उम्मेदवारहरूलाई विजयी गराउनुपर्ने बताउनुभयो।

कार्यक्रममा धादिङ क्षेत्र नं. १ का उम्मेदवार चन्द्रदेवी बासुकला र मनिष गोराले पनि बोल्नुभएको थियो।

# विभिन्न स्थानमा घरदैलो तथा चुनावी सभा

सुर्खेत, १५ फागुन। नेमकिपा सुर्खेत क्षेत्र नं. १ प्रचार समितिको आयोजनामा सुर्खेत क्षेत्र नं. १ को विभिन्न स्थानमा चुनावी कोणसभा तथा घरदैलो सम्पन्न भयो।

भ्रष्टाचारी, देशघाती र बलात्कारी तथा जघन्य अपराधीलाई फासीको व्यवस्था गराउनुपर्नेमा जोड दिँदै नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरुङले शिक्षा, स्वास्थ्य नि:शुल्क गराउन तथा युवाहरूलाई स्वेदेशमै रोजगारीको बन्दोबस्त गराउन नेमकिपाले आवाज उठाइरहेको बताउनुभयो।

सुर्खेतलगायत नेपालको विभिन्न क्षेत्रका जनताको पक्षमा नेमकिपाले आवाज उठाइरहेको नेमकिपा सुर्खेतका प्रेम थापाले बताउनुभयो।

कोणसभामा जनगायक विनोद विश्वकर्मा र जनगायिका सपना शाहीले देश र जनताको पक्षमा गीत प्रस्तुत गर्नुभयो।

नेमकिपा सुर्खेत क्षेत्र नं. १ का उम्मेदवार गजबहादुर खप्तडी मगर, नेमकिपा लेकबैंसीका अध्यक्ष देवबहादुर घर्ती मगर, नेक्राविसङ्घका विलम सुवाल, नेक्रामसङ्घ सुर्खेतका प्रतिभा शाहीले पनि बोल्नुभएको थियो।

लेकबैंसी नपाको वडा नं. ९ को गंगटे बजार, ६ को कल्याण, ४ को दसरथपुर, भेरीगंगा नपाको वडा नं. ९ को जहरे तथा गुर्वाकोट नपाको वडा नं. को ९ मेहेलकुना, ८ को बोटेचौर र १३ को गुमीमा घरदैलो तथा कोणसभा सम्पन्न भयो।

**हार्दिक समवेदना**



यस विद्यालयमा कार्यरत मा.वि. शिक्षक लक्ष्मण घिमिरेकी ममतामयी आमा **चन्द्रकला घिमिरे**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति परमेश्वरले धैर्यधारण गर्न सक्ने सामर्थ्य प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

जन्म : २००८।०१।०७
निधन : २०८२।११।०६

**श्री पद्म मा.वि./पद्म कलेज**
दरबार क्षेत्र, भक्तपुर

**हार्दिक समवेदना**




यस संस्थाका सदस्यता नं. ७३३ का सदस्य **सुन्दरीमाया साँयजु**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

जन्म : २०११।०६।१६
निधन : २०८२।१०।२९

**तलेजु बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.३, कोलाछेँ

**हार्दिक समवेदना**



यस पुच:का सदस्यहरू लक्ष्मी मचामसीकी सासूआमा तथा रामकृष्ण मचामसी र विष्णुलक्ष्मी मचामसीकी हजुरआमा **पुनमाया मचामसी**को दु:खद निधन भएको आज ४५ औं दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

जन्म : १९८२।०१।०५
निधन : २०८२।१०।०१

**झिगु मुन्ज्या पुच: परिवार**
भक्तपुर

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**आयव्यय विवरणसम्बन्धी सूचना**

भक्तपुर नगरपालिका कार्यालयको २०८२ माघ महिनासम्मको आयतर्फ रू. ९३,९३,७६,६११।९९ र व्ययतर्फ रू. ७९,७७,७१,६७२।९५ रहेको छ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म
२०११/१२/०४

निधन
२०८२/११/१३

यस ख्वप बालगृहका वर्तमान सञ्चालक समितिका सदस्य रोमश शर्माको असामयिक निधनले हामी सबै मर्माहत भएका छौं। यस असामयिक निधनको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतक आत्माको चिरशान्तिका साथै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै दु:खको यस समयमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**ख्वप बालगृह परिवार**
कमलविनायक, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा